# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक ३४३ | काठमाडौं | मंगलबार, २६ चैत २०८१ | Prabhab National Daily | Tuesday, April 08, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


सन्दर्भ: वैदेशिक रोजगार

गुरुङ प्यानलको चुनावी प्रतिबद्धता

## व्यवसायी र कामदारको हित प्राथमिकतामा

- व्यवसायीलाई कानुनी झण्झटबाट मुक्त बनाउने
- सय संख्याको समस्या नीतिगतरूपमै हटाउने
- संघको व्यवस्थापकीय सुधार र आफ्नै न्युज पोर्टल सञ्चालन गर्ने
- व्यवसायी भलाइ तथा कल्याणकारी कोष स्थापना गर्ने
- कामदारको कम्तीमा एक महिनाको तलबबराबरको शेवा शुल्क लिन पाउनेगरी व्यवस्था गर्न पहल गर्ने
- व्यवसायीले धरौटीबापत राखेको रकमको ब्याज पाउने व्यवस्था गराउने
- मागपत्र प्रमाणीकरण र कामदारका समस्याको समाधान प्राथमिकतामा




■ विविशा पौडेल

**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचन नजिकिँदै गर्दा उम्मेदवारहरूले चुनावीसभादेखि व्यवसायीहरूसँगको भेटघाटलाई तीव्रता दिएका छन् । यही क्रममा भुवनसिंह गुरुङ नेतृत्वको लोकतान्त्रिक-गणतान्त्रिक संयुक्त प्यानलले आफ्नो प्रतिबद्धता सार्वजनिक गरेको छ ।

सोमबार सामाखुसीमा चुनावी भेलामा सार्वजनिक प्रतिबद्धतापत्रमा विभिन्न शीर्षकका ११ बुँदा समेटिएका छन् । जसमा संघको व्यवस्थापकीय सुधार, सय संख्याको समस्या अन्त्य, कानुनी सुधारदेखि व्यवसायी भलाइ कोष स्थापनासम्मका प्रतिबद्धता गरिएको छ । आफूलाई अनुभवी, दक्ष र परिपक्व दाबी गर्ने यो समूहले व्यवसायी र कामदारहरूको हक हित सुनिश्चित गर्ने प्रतिबद्धता व्यवसायीमाझ गरेको छ ।

संघको निर्वाचनसहितको ३१औं साधारणसभा यही २९ चैतमा हुँदै छ । उक्त निर्वाचनमार्फत संघको आगामी नेतृत्व लिन नेपाली कांग्रेसको शुभेच्छुक संस्था नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन र नेकपा माओवादी केन्द्रनिकट वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च नेपाल संयुक्त प्यानल बनाएर अघि बढेको छ । यो प्यानलको नेतृत्व गुरुङले गरेका छन् । अर्कोतर्फ नरेश गेलाल नेतृत्वको प्यानल बनेको छ । गेलाल प्यानल नेकपा एमालेनिकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, लोकतान्त्रिक एसोसिएसनका असन्तुष्ट समूह र एकीकृत समाजवादीनिकट एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनको गठबन्धन हो ।

क्रमशः पृष्ठ २ मा

### प्रतिबद्धतापत्रमा के छ ?

भुवनसिंह गुरुङ नेतृत्वका लोकतान्त्रिक-गणतान्त्रिक संयुक्त व्यवसायी प्यानलले प्रतिबद्धताको पहिलो बुँदामा व्यवस्थापकीय सुधारलाई जोड दिएको छ । संघको व्यवस्थापकीय संरचनामा सुधार गरी प्रमुख कार्यकारी अधिकृत, कानुन अधिकृत तथा आइटीविज्ञ तुरुन्तै नियुक्त गरिने उल्लेख छ । व्यवसायीहरूका समस्या समाधानमा संघले छिटोछरितो र प्रभावकारी भूमिका निर्वाह गर्ने, संघको आधुनिक वेबसाइट बनाएर आफ्नै श्रम न्युज पोर्टल सञ्चालन गर्ने, मोबाइल एप बनाउनेलगायतका प्रतिबद्धता गुरुङ प्यानलको छ ।

दोस्रो बुँदामा १०० कामदार पठाउनैपर्ने कानुनी व्यवस्थाबाट व्यवसायीलाई छुटकारा दिलाउने प्रतिबद्धता जनाइएको छ । 'व्यवसायीलाई अस्वस्थ प्रतिस्पर्धा गराउने र कामदारको हितविपरीत वार्षिक १०० जना कामदार पठाउनैपर्ने गरी बनाएको बाध्यकारी नियम नीतिगतरूपमै सदाका लागि अन्त्य गराउने छौं,' प्रतिबद्धतापत्रमा भनिएको छ ।

क्रमशः पृष्ठ २ मा

# काठमाडौं केन्द्रित आन्दोलनमा दलदेखि शिक्षकसम्म

■ प्रभाव संवाददाता




- शिक्षक महासंघ, राप्रपा, जनमोर्चादेखि सहकारी पीडितको आन्दोलन आजै
- ट्राफिक व्यवस्थापन सम्हाल्न प्रहरीलाई मुस्किल हुने देखिएपछि विभिन्न स्थानमा डाइभर्सनको व्यवस्था
- समाजवादी मोर्चाको साथ पाएको सरकार भने चैत १५ गतेको दुर्गा प्रसाईं नेतृत्वको प्रदर्शनपछि हाइसञ्चोमा
- निजी मेडिकल कलेजका आवासीय चिकित्सकहरु पनि सडक आन्दोलनमा

**काठमाडौं–** काठमाडौंको माइतीघर मडलमा अचेल धर्ना वा आन्दोलनका कार्यक्रम नहुने भन्ने दिनै हुन्न । यद्यपि ती आन्दोलनको स्वर सानो हुन्थ्यो । हिजोआज भने काठमाडौं आन्दोलनको माहोलले गर्माएको छ । जसरी गर्मी बढ्दै छ, काठमाडौंमा तुवाँलो बाक्लिँदै छ त्यसैगरी आन्दोलनका लहर बढ्दो छ ।

आज एकै दिन चारभन्दा बढी समूहले काठमाडौंको सडक कब्जा गर्दै छन् । सरकार भने विपक्षी दलको साथ पाएर कानमा तेल हालेर बसेको देखिन्छ । देशभरका शिक्षकले विद्यालय ठप्प पारेर आन्दोलन थालेको हप्ता दिन पुग्यो । २२ बुँदे मागसहित शिक्षा ऐन तत्काल जारी गर्न दबाब दिइरहेका शिक्षकहरूले सोमबार प्रधानमन्त्री केपी शर्मा ओलीसँग वार्ता गरेका थिए । तर वार्तामा समाधान ननिस्किएपछि शिक्षकहरूले आज पनि शैक्षिक हड्ताल जारी राखेका छन् ।

प्रधानमन्त्री ओलीले भने शिक्षकहरूको समस्याको समाधान छिटो खोजिने बताएका छन् । 'शिक्षकहरूका मागबारे आज अर्थमन्त्री, गृहमन्त्री, शिक्षामन्त्री, मुख्यसचिव र सचिवहरूसँग छलफल भएको छ । नेपाल शिक्षक महासंघका प्रतिनिधिहरूसँग संवादमार्फत समस्याको छिटो समाधान खोजिने छ,' प्रधानमन्त्री ओलीले भने ।

आजै राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले पनि काठमाडौंको बल्खुमा आन्दोलन गर्दै छ । चैत १५ गतेको राजावादी आन्दोलनमा आफ्ना वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र र महामन्त्री धवलशमशेर राणा पक्राउ परेपछि आक्रोशित बनेको राप्रपाले आज आन्दोलन गर्न लागेको हो । राजतन्त्र पुनर्स्थापना र हिन्दूराष्ट्रको पक्षमा उभिँदै आएको राप्रपा अहिले प्रतिनिधिसभामा कमजोर देखिएसँगै सडकमा उत्रिएको हो ।

राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले आन्दोलन आक्रामक बनाउने योजना बनाएको संकेत गरेका छन् । यस कार्यक्रमबारे उनले आफू पनि थुनिए आन्दोलन निर्णायक भएर जाने दाबी गरेका छन् । 'यदि मलाई थुनियो भने मविना पनि आन्दोलन अघि बढेर जान्छ । हाम्रा पार्टीका नेताहरू थुनिँदा आन्दोलनलाई बल पुगेको छ,' लिङ्देनले भने, 'मलाई राखियो भने झन् आन्दोलन निर्णायक भएर जान्छ ।'

राजावादीको आन्दोलन चर्किंदा प्रमुख दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा भने अहिले ढुक्क देखिन्छन् । गणेशमान सिंह फाउन्डेसनले सोमबार काठमाडौंमा आयोजना गरेको 'नेपाल-भारत सम्बन्ध सुदृढ गर्न भारतका पूर्वप्रधानमन्त्री चन्द्रशेखरले पुऱ्याउनुभएको योगदान' विषयक गोष्ठीमा देउवाले राजावादी आन्दोलनमा योगी आदित्यनाथको फोटो प्रदर्शन भए पनि भारतीय नेताहरूको राजावादी आन्दोलनमा कुनै समर्थन नरहेको बताएका हुन् ।

'अहिलेको बेला कहिलेकहीं यस्तो कुरा उठिरहन्छ तर मलाई विश्वास छैन । पूर्वराजालाई भारतले नै उचालेको हो कि भन्ने छ, आदित्यनाथको फोटो पनि आयो,' देउवाले भने, 'तर भारत नेपालसित छ । गणतन्त्रसित छ ।' नेपालको गणतन्त्रमा आफ्नो पूर्णसमर्थन रहेको र आफू नेपालको संविधान र व्यवस्थाविरुद्ध नरहेको भनी योगी आदित्यनाथले गरेको प्रतिबद्धताप्रति उनले धन्यवाद दिए ।

यता चित्रबहादुर केसी नेतृत्वको राष्ट्रिय जनमोर्चाले चैत २४ देखि संघीयताविरुद्ध आन्दोलन गरिरहेको छ । जनमोर्चाले आज पनि आन्दोलन जारी राख्ने जनाएको छ । यद्यपि काठमाडौंमा बढ्दै गएको प्रदूषणको अवस्थालाई मध्येनजर गर्दै चैत ३० गते समापन गर्ने भनिएको कार्यक्रम दुई दिनअघि समापन गरिने जनमोर्चाले जानकारी दिएको छ । 'राजधानीकेन्द्रित आन्दोलनको समापन चैत ३० गते नभएर चैत्र २८ गते नै हुने छ । कार्यक्रमको स्वरूपमा आवश्यकताअनुसार परिवर्तन गर्नुपर्ने हुन्छ,' सोमबार विज्ञप्ति जारी गर्दै जनमोर्चाले भनेको छ, 'कार्यक्रमको स्वरूप परिवर्तन भए पनि संघीयताविरुद्धको संघर्ष प्रादेशिक संरचना खारेज नभएसम्म जारी रहने प्रतिबद्धता पनि यही वक्तव्यमार्फत दोहोऱ्याउन चाहन्छौं ।'

यसैगरी सहकारीपीडितले पनि काठमाडौं केन्द्रित आन्दोलन जारी राखेका छन् । सोमबार सहकारी, लघुवित्त, बैंक तथा मिटरब्याजपीडितले राष्ट्रपति कार्यालय नजिकै धर्ना दिएका थिए । आज पनि उनीहरूले प्रदर्शन गर्ने जनाएको छ । आन्दोलनका कारण काठमाडौंको ट्राफिक अस्तव्यस्त हुने प्रहरीले जनाएको छ । जसकारण सवारी आवागमनलाई सहज बनाउन प्रहरीले आवश्यकताअनुसार सवारीसाधनलाई डाइभर्सनको व्यवस्था मिलाएको छ ।

क्रमशः पृष्ठ २ मा

## वायु प्रदूषण न्यूनीकरणमा तत्काल कदम चाल्न विज्ञको सुझाव

**काठमाडौं (प्रस)–** वातावरणसँग सम्बन्धित विभिन्न संघ/संस्थाका प्रतिनिधि र विज्ञहरूले बढ्दो वायु प्रदूषणबारे चिन्ता व्यक्त गरेका छन् । उनीहरूले यो समस्या समाधानका उपाय तत्काल कार्यान्वयन गर्न सरकारको ध्यानाकर्षण गराएका छन् ।

नेपाल वातावरण पत्रकार समूह र ग्रामीणमुखी युवा अभियान नेपालले संयुक्तरूपमा सोमबार यहाँ आयोजना गरेको कार्यक्रममा सरोकारवालाहरूले प्रदूषण रोकथाममा सरकार र संघसंस्थाबीच सहकार्य र समन्वयमा जोड दिएका हुन् ।

हरेक वर्षको सुक्खायाममा वन डढेलोलगायतका कारण प्रदूषण बढ्ने तथ्य हुँदाहुँदै समस्या जटिल भएपछि मात्रै समाधानका उपाय खोज्नु व्यावहारिक नहुने विज्ञहरूको भनाइ छ । वायु प्रदूषण बढेपछि देशैभर श्वासप्रश्वास र अन्य स्वास्थ्य समस्याका बिरामी बढ्दो रहेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले प्रदूषणका कारण श्वासप्रश्वाससम्बन्धी दीर्घरोगी र बालबालिका बढी प्रभावित हुने बताउँदै हरेक वर्ष नेपालीहरूको कूल मृत्युको १९ प्रतिशत कारण श्वासप्रश्वाससँग जोडिएको जानकारी दिए । एक तथ्यांकअनुसार प्रदूषणका कारण ४.८ प्रतिशतका दरले नेपालीको औसत आयु घटिरहेको छ ।

प्रदूषण घटाउन यसअघि बनेका नीति, कार्ययोजना कार्यान्वयन नहुँदा, सम्बन्धित निकायहरूबीच समन्वय नहुँदा समस्या जटिल बन्दै गएको उनको भनाइ थियो । सरकारले प्रदूषण नियन्त्रणका लागि हरेक वर्ष तीन अर्ब रूपैयाँभन्दा बढी राजस्व संकलन गरे पनि सो रकम यही शीर्षकमा खर्च हुन नसकेको प्रवक्ता बुढाथोकीले बताए । उनले भने, 'सरोकारवाला निकायहरूले विज्ञप्ति जारी गर्दैमा समस्या समाधान हुँदैन, विगतमा बनेका योजनाहरू कागजमा सीमित छन् । अब कार्यान्वयनमा जोड दिनुपर्छ ।'

क्रमशः पृष्ठ २ मा


'देश विकासको आधार - सुरक्षित वैदेशिक रोजगार'
नेपाल बैदेशिक रोजगार ब्यवसायी संघको
मिति २०८१/१२/२९ गते हुने
निर्वाचनमा

राजेन्द्र बस्नेत
सदस्य पदका उम्मेद्वार
९८५१०३८०६५
ग्रोथ प्रोसेस ईन्टरनेशनल इम्प्लोइमेन्ट प्रा.लि.
बैदेशिक रोजगार क्षेत्रलाई उच्च मुल्याकन गर्दै उत्कृष्ट सेवा मुलक उद्योग बनाउने पारीकल्पना लिएर चुनाबी मैदानमा आएको **नरेश गेलाल नेतृत्वको संयुक्त व्यवसायिक समूह** लाई अत्याधिक मत दिई बिजयी गराऔं ।

'देश विकासको आधार - सुरक्षित वैदेशिक रोजगार'
नेपाल बैदेशिक रोजगार ब्यवसायी संघको
मिति २०८१/१२/२९ गते हुने
निर्वाचनमा

बैकुण्ठ प्र. पौडेल 'बैभव'
तृतीय उपाध्यक्ष पदका उम्मेद्वार
९८५१०७८५२४
न्यू अल्फा एच आर सर्भिस
बैदेशिक रोजगार क्षेत्रलाई उच्च मुल्याकन गर्दै उत्कृष्ट सेवा मुलक उद्योग बनाउने पारीकल्पना लिएर चुनाबी मैदानमा आएको **नरेश गेलाल नेतृत्वको संयुक्त व्यवसायिक समूह** लाई अत्याधिक मत दिई बिजयी गराऔं ।

# नेपाल र भारतका सर्वोच्च अदालतबीच समझदारी

**काठमाडौं (प्रस)–** नेपालको सर्वोच्च अदालत र भारतको सर्वोच्च अदालतबीच न्यायिक सहयोगको क्षेत्रमा सहकार्य गर्ने समझदारीपत्रमा हस्ताक्षर भएको छ । दुवै देशका सर्वोच्च अदालतबीच दुई देशबीचको न्यायिक सहयोगको विकास, प्रवर्द्धन र सुदृढीकरण गर्न एक समझदारीपत्रमा सोमबार हस्ताक्षर भएको यहाँस्थित भारतीय दूतावासले जनाएको छ ।

उक्त समझदारीपत्रमा नेपालका प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत र भारतका प्रधानन्यायाधीश सञ्जीव खन्नाको उपस्थितिमा हस्ताक्षर गरिएको थियो । दुई देश र जनताबीच रहेको सौहार्द्रपूर्ण, मैत्रीपूर्ण सम्बन्धबाट प्रेरित हुँदै यस समझदारीपत्रले दुई देशका न्यायपालिकाहरूबीच सहयोगको विकास, प्रवर्द्धन र सुदृढीकरण गर्ने लक्ष्य लिएको छ ।

यस समझदारीपत्रले कानुन र न्यायको क्षेत्रमा भएका पछिल्लो विकासका बारेमा पारस्परिक जानकारी आदानप्रदानलाई प्रोत्साहन गर्नुका साथै भ्रमणको आदानप्रदान, अल्पकालीन तथा दीर्घकालीन तालिम र शैक्षिक कार्यक्रमजस्ता कार्यक्रममार्फत न्यायपालिकाका न्यायाधीशहरू र अधिकारीहरूबीच अन्तरक्रियालाई प्रवर्द्धन गर्ने जनाइएको छ ।

अधुरा कार्यहरू पूरा गर्न, अदालती प्रक्रियालाई तीव्र पार्न र सरोकारवालाहरूलाई सेवा प्रदान गर्न प्रविधिको प्रयोगलाई आत्मसात गर्दै यस समझदारी पत्रले सम्बन्धित अदालत र अन्य संस्थाहरूमा प्रयोग हुने प्रविधिसँग सम्बन्धित जानकारी साझा गर्ने व्यवस्था गरेको बताइएको छ । समझदारी अनुसार न्यायिक सहयोगलाई प्रवर्द्धन र थप सुदृढीकरण गर्न, यसका लागि योजना र ढाँचा तयार गर्न दुई न्यायपालिकाका अधिकारीहरू सम्मिलित एक संयुक्त कार्यदल गठन गरिने छ ।

भारत सरकार र भारतको सर्वोच्च अदालतले यसअघि नै इजरायलको सर्वोच्च अदालत, सिंगापुर गणराज्यको सर्वोच्च अदालत, बंगलादेशको सर्वोच्च अदालत, भुटानको सर्वोच्च अदालत, ट्युनिसिया सरकार, जाम्बिया सरकार, मोरोक्को सरकार, माल्दिभ्स सरकारलगायत देशका संस्थाहरूसँग न्यायिक सहयोगका लागि समझदारी पत्रमा हस्ताक्षर गरिसकेको छ ।

## पृष्ठ १ बाट क्रमशः

## काठमाडौं ...

निजी मेडिकल कलेजका आवासीय चिकित्सकहरू पनि सडक आन्दोलनमा छन् । देशभरिका १७ वटा मेडिकल कलेजका आवासीय चिकित्सक सरकारले तोकेको न्युनतम तलब पाउनुपर्ने माग राख्दै सडक आन्दोलनमा उत्रिएका हुन् ।

आइतबार काठमाडौंका विभिन्न ठाउँमा विभिन्न समूहले विभिन्न प्रदर्शन गरेको थियो । नेपाल विद्युत् प्राधिकरणबाट हटाइएका निर्देशक कुलमान घिसिङलाई पुनर्बहालीको माग गर्दै काठमाडौंको माइतीघर मण्डलमा विरोध प्रदर्शन आइतबार नै भयो । सोही दिन असन क्षेत्रमा मोहन वैद्य नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी क्रान्तिकारीको प्रदर्शन, भृकुटीमण्डपमा प्रभु साह नेतृत्वको आम जनता पार्टी (आजपा)को आमसभासहित प्रदर्शन, चित्रबहादुर केसीको राष्ट्रिय जनमोर्चाको प्रदर्शन रत्नपार्क शान्तिवाटिकामा एवं विप्लव नेतृत्वको नेकपाको आन्दोलनका कार्यक्रम कालिमाटी क्षेत्रमा भएको थियो ।

चैत १५ गते दुर्गा प्रसाईं नेतृत्वको हिंसात्मक प्रदर्शनमा दुई जनाको मृत्यु भएको थियो भने १०० भन्दा बढी घाइते भए । राजसंस्था फर्काउन भन्दै राजावादी समूहले तीनकुने क्षेत्रमा प्रदर्शन गरेका थिए । सोही दिन विभिन्न चार दल सहभागी रहेको समाजवादी मोर्चाले गणतन्त्र, संघीयताको रक्षा भन्दै भृकुटीमण्डप क्षेत्रमा प्रदर्शनका साथै आमसभा गरेको थियो ।

## व्यवसायी...

गुरुङ म्यानेजमेन्ट ओभरसिज प्रालिका सञ्चालक गुरुङको प्यानलबाट प्रथम उपाध्यक्ष पदमा नोकरी नेपाल प्रालिका सञ्चालक नरेन्द्रप्रसाद ढकाल उम्मेदवार बनेका छन् । यसैगरी द्वितीय उपाध्यक्षमा अलर्ट ओभरसिज प्रालिका सञ्चालक देवकुमार खोखाली, तृतीय उपाध्यक्षमा इम्प्लोइमेन्ट क्रियसन सर्भिस प्रालिका हर्कबहादुर लिम्बू, महासचिवमा ग्लोबल राइजिङ प्लेसमेन्ट प्रालिका सञ्चालक महेशकुमार बस्नेत, सचिवमा आकृति रिक्रुटमेन्ट प्रालिका कुन्छ्यादोर्जे डिम्दोङ र कोषाध्यक्षमा शुभ हारती म्यानपावर प्रालिका विक्रम श्रेष्ठ उम्मेदवार छन् । सचिव पदका उम्मेदवार डिम्दोङ गणतान्त्रिक मञ्चको कोटाबाट उम्मेदवार बनेका हुन् ।

गुरुङ प्यानलबाट सदस्य पदमा इम्पेरियल ओभरसिज प्रालिकी विद्यालक्ष्मी बज्राचार्य, हिमालयन भ्याली नेपाल प्रालिका देवीप्रसाद गिरी, ब्रदर इन्टरनेसनल इम्प्लोइमेन्ट प्रालिका दीपककुमार राय, रसुवा ओभरसिज प्रालिका सुवर्ण लामा, सेक्युर नेपाल जब प्लेसमेन्ट प्रालिका सुमनराज पाण्डे, युनिक ओभरसिज प्रालिका तिलरूपा दाहाल, ग्लोबल एचआर हब प्रालिकी गीता राउत, इगल म्यानपावर कन्सल्टेन्ट प्रालिका कृष्ण ढकाल, रिजा ओभरसिज प्रालिकी रेखा शर्मा, युनिभर्सल एचआर सोलुसन प्रालिका भरत सापकोटा, राज ग्रुप अफ कम्पनीका राज लामा तामाङ र सिल्भर कर्नर इन्टरनेसनल प्रालिका कैलाश पाठक उम्मेदवार रहेका छन् ।

## प्रतिबद्धतापत्रमा...

यस्तै, व्यवसायीहरूले लिन पाउने सेवा शुल्कलाई अन्तर्राष्ट्रिय अभ्यास र मापदण्डअनुसार परिमार्जन गरी कामदारको कम्तीमा एक महिनाको तलबबराबरको शुल्क लिन पाउनेगरी व्यवस्था गर्न आवश्यक पहल गर्ने प्रतिबद्धता तेस्रो बुँदामा उल्लेख छ । व्यवसायीहरूले धरौटीबापत नेपाल सरकारको खातामा राखेको रकमको ब्याज पाउने व्यवस्था गराउने, मागपत्र प्रमाणीकरण र कामदारका समस्याको समाधानमा पहल गर्ने प्रतिबद्धतासमेत समेटिएको छ ।

'विभिन्न देशमा रहेका कूटनीतिक नियोग तथा दूतावासहरूबाट हाम्रा मागपत्रहरू प्रमाणीकरण नभइरहेका र भइरहेका देशहरूमा पनि ढिलासुस्ती तथा विभिन्न प्रकारका अनियमितताहरू हटाइने छ । संघ र दूतावासको सहकार्यमा अनलाइन प्रणालीमार्फत जोडिने व्यवस्था गराइने छ,' गुरुङ प्यानलको प्रतिबद्धतापत्रमा उल्लेख छ, 'सम्बन्धित देशका नियोगहरूबाट मागपत्र प्रमाणीकरण नभएमा स्वदेशबाट नै मागपत्र प्रमाणीकरण गर्ने व्यवस्था ल्याइने छ ।'

यसैगरी व्यवसायीहरूलाई कानुनी झण्झटबाट मुक्त गराउने, अन्तर्राष्ट्रिय श्रम तथा रोजगारसँग सम्बन्धित आइएलओ, आइसिआरसी, डिएफआइडीलगायतका संघसंस्था तथा संगठनहरूसाग सहकार्य गरी व्यवसायीको हितमा काम गर्ने, अन्तराष्ट्रिय श्रम बजारमा नेपाली कामदारको प्रवर्द्धन गर्ने, तालिम तथा गोष्ठी आयोजना गर्ने, सरोकारवाला निकायसँगको समन्वयकारी भूमिकालाई प्रभावकारी बनाउने, व्यवसायीहरूबीचको अस्वस्थ प्रतिस्पर्धा हटाउने, व्यवसायी भलाइ तथा कल्याणकारी कोष स्थापना गर्नेलगायतका बुँदाहरू लोकतान्त्रिक-गणतान्त्रिक संयुक्त व्यवसायी प्यानलको प्रतिबद्धतापत्रमा समेटिएका छन् ।

## वायु प्रदूषण...

वातावरण विभागका महानिर्देशक ज्ञानराज सुवेदीले प्रदूषणको समस्या न्यूनीकरण गर्न एक सम्बन्धित निकायबीच आरोप/प्रत्यारोप लगाउनुभन्दा आ-आफ्नो ठाउँबाट अनुशासित बन्नुपर्ने बताए । प्रदूषण रोकथामकै लागि विभागले उद्योग, कलकारखानाको वातावरणीय पक्षको अनुगमन गर्दै कमीकमजोरी गरेकाहरूलाई सुधार गर्न ध्यानाकर्षण गराएको, सवारी प्रदूषण परीक्षण गर्ने गरेको जानकारी उनले दिए । सवारी प्रदूषण परीक्षणका लागि छुट्टै सवारी पार्किङ क्षेत्र र स्रोतसाधन आवश्यक रहेको उनले बताए । परीक्षणमा ५० प्रतिशत बढी सवारीसाधन मापदण्डविपरीत पाइएको र सरकारी सवारीसाधन परीक्षणमा अनुत्तीर्ण हुने गरेको बताए ।

वायु गुणस्तरविज्ञ डा. भूपेन्द्र दासले विस्थापित गर्ने भनिएका युरो-१ र युरो-३ मापदण्डका सवारीसाधनले निकाल्ने धुँवा, उद्योग कलकारखानाबाट निस्कने प्रदूषण समस्याका नियमित कारण बनिरहेको बताए । 'अहिलेको मुख्य समस्या वन डढेलो हो, खेतबारीमा कृषि अवशेष र खुला ठाउँमा फोहोर जलाउँदा प्रदूषण बढेको छ,' उनले भने, 'नेपाल, भारत, बंगलादेश, पाकिस्तान हरेक वर्ष प्रदूषणको जोखिममा छन्, समाधानका उपायहरू खोज्न ढिलो गर्नु हुँदैन ।'

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)का अनुसार यही ८ चैतदेखि हरेक दिन काठमाडौं र मुलुकका अन्य भेगको प्रदूषण निरन्तर बढिरहेको छ । 'नेपालमा हरेक वर्ष जनवरीदेखि अप्रिलसम्म प्रदूषण बढ्ने गर्छ, यसमा अन्तरदेशीय कारण पनि छन्,' इमिमोडकी वायु गुणस्तरविज्ञ डा. खुस्बु शर्माले भनिन्, 'प्रदूषण बढ्नु घट्नुमा वायुको प्रभाव पनि रहन्छ ।'

काठमाडौं उपत्यकाका तीनै जिल्लामा वायु गुणस्तर सूचकांक 'एयर क्वालिटी इन्डेक्स' (एक्युआई) मानव स्वास्थ्यका दृष्टिले जोखिम तहमा पुगेको छ । एक्युआई २०० भन्दा माथि पुगेपछि मानव स्वास्थ्यका दृष्टिले जोखिम मानिन्छ । वातावरण अभियन्ता भोला भट्टराई, समूहका पूर्वअध्यक्ष कसमस विश्वकर्मालगायतले वातावरण विभाग, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलगायतका निकायले एकपछि अर्को कार्ययोजना बनाउनेभन्दा पनि विगतका कार्ययोजना कार्यान्वयन गर्नुपर्नेमा जोड दिए ।

कृषि कर्म र दैनिक घाँस दाउरा गर्ने समुदाय प्रदूषणको प्रत्यक्ष असरमा रहेको उल्लेख गर्दै स्थानीय सरकारको साथ र सहयोगमा प्रदूषण रोकथाम प्रभावकारी बनाउनुपर्ने धारणा व्यक्त गनरे । 'यस विषयमा प्रदेश र स्थानीय तहलाई पनि जिम्मेवार बनाउन स्वच्छ वायु अधिकार ऐन आवश्यक छ, महत्त्वपूर्ण कुरा त राजनीतिक प्रतिबद्धता हो,' अभियन्ता भट्टराईले भने ।


**काठ लिलाम विक्री सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८१।१२।२५**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट संकलन गरी सामुदायिक वन कम्पाउण्डमा घाटगढ्ढी भएको गोलिया काठ लिलाम प्रक्रियाद्वारा लिलाम बढाबढ गर्नु पर्ने भएको ले घाटगढ्ढीमा मौज्दात रहेको जात,साल,साँदन गरी १८३ थानको १७१८।०७ क्युफि काठलाई शिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्री गर्न पर्ने भएकोले प्रभाब राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्रमा यस सा.व.उ.स.को कार्यालयबाट बोलपत्र खरिद गरी सिलबन्दी बोलपत्र २२औं दिनको ३ बजेभित्र यस सा.ब.उ.स. को कार्यालयमा दाखिला गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । बिस्तृत जानकारीको सूचना यस सा.ब.उ.स.को कार्यालय तथा सम्बन्धित अन्य कार्यालयहरुमा समेत टाँस गरिएको व्यहोरा समेत सूचित गरिन्छ ।

**अध्यक्ष**
**श्री तिनचुले सामुदायिक बन उपभोक्ता समूह**
**चुरे गा.पा. ०१, कैलाली**



**मलेसियामा रोजगार** — कम्पनी : Kawalan Keselamatan Bumijaya Sdn Bhd

पूर्व स्वीकृति मिति : २०८१/१२/२५ | LT. No. 321619 | चलानी नं. ६०२३५७५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 100 | 0 | 1700 | ५२,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख २ गते (15th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

License No.: 1535/078/079
**Global Recruitment Group Pvt.Ltd.** (BASNET AND GROUP HUMAN RESOURCE PVT LTD)
Tokha-10, Samakhusi, Kathmandu, Head Office Contact: 01-5910484, 9820103691 / 9801193079
Chitwan Branch: 9855063635, Pokhara Branch: 9802853017, Email : info@grgnepal.com.np



**युएइ/साउदीमा रोजगार** — कम्पनी : GALAXY ENERGY GEN CONTRACTING - L.L.C - S.P.C — सेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८१/१२/१९ | LT. No. 321419 | चलानी नं. ६०२३५७०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Electrician | 10 | 0 | 1000 | ३७,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician (Industrial) | 10 | 0 | 1200 | ४४,८६५ | | | | | | | |
| 3 | Electrician | 10 | 0 | 1200 | ४४,८६५ | | | | | | | |
| 4 | Scaffolder | 10 | 0 | 1200 | ४४,८६५ | | | | | | | |

कम्पनी : MARBLELIFE GULF — सेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८१/१२/२५ | LT. No. 321596 | चलानी नं. ६०२३५७०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners | 8 | 0 | 800 | २९,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : JALSAT AL-REEF RESTAURANT FOR MEALS — सेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८१/०३/१५ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/२५ | LT. No. 306943 | चलानी नं. ६०२२१६९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | food and beverage counter worker | 1 | 0 | 1200 | ४४,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख २ गते (15th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



**युएइमा रोजगार** — कम्पनी : S W S SPORTS BOARDS INDUSTRIES L.L.C

पूर्व स्वीकृति मिति : २०८१/१२/२५ | LT. No. 321577 | चलानी नं. ६०२३५७०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper-Electrial | 6 | 0 | 1000 | ३७,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख २ गते (15th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**E.U.Bright Future Pvt. Ltd. (PRESTIGE H.R. SOLUTION PVT.LTD.)**
श्रम इजाजत नं. ११७३/०७३/०७४
Tokha Municipality-10, Kathmandu, Nepal, Tel: 01-4975111, Email: eubrightfuture626@gmail.com



**मलेसियामा रोजगार** — कम्पनी : GUARDWELL SECURITY SERVICES SDN. BHD

पूर्व स्वीकृति मिति : २०८१/१२/२५ | LT. No. 321491 | चलानी नं. ६०२३५७३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security | 30 | 0 | 1700 | ५२,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख २ गते (15th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SWIFT H.R. GROUP AND MANAGEMENT SERVICE PVT.LTD.**
श्रम इजाजत नं.८०१/०६५/०६६
Samakhusi-26, Town Planning, Kathmandu, Nepal Tel: +977-01-4985275
Mobile: 9845198993, E-mail : swifthrgroup@gmail.com



**मलेसियामा रोजगार** — कम्पनी : TITAN FORCE SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८१/१२/२५ | LT. No. 321632 | चलानी नं.६०२३५७२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 130 | 0 | 1700 | ५२,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : BUMIMAS PROTECTION SDN BHD

पूर्व स्वीकृति मिति : २०८१/१२/२५ | LT. No. 321631 | चलानी नं.६०२३५७१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security | 32 | 0 | 1700 | ५२,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : CAREMAN SECURITY SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८१/१२/२५ | LT. No. 321630 | चलानी नं.६०२३५७१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 34 | 0 | 1700 | ५२,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : INTELLECT VAST CONSULTANTS SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८१/१२/२५ | LT. No. 321581 | चलानी नं.६०२३५७२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 20 | 0 | 1700 | ५२,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख २ गते (15th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sandiya Human Resources Pvt. Ltd.**
श्रम इजाजत नं. १०९७/०७३/०७४
Dhumbarai-4, Kathmandu, Nepal, Phone No. +977-1-5199505, 9808273578, 9851155563
E-mail: sandiyahr17@gmail.com, Website : www.sandiyahr.com


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

**मंगलबार, २६ चैत, २०८१**

| | |
|---|---|
| **मेष** | कामको मेरो नमिल्दा केही अलमल्ल हुनेछ। |
| **वृष** | सम्भावना देखिए पनि समयमा काम नहुने। |
| **मिथुन** | सुखद समाचारले उत्साह जगाउनेछ । |
| **कर्कट** | रोकिएका काम सम्पादन हुनेछ । |
| **सिंह** | सोचेको उपलब्धि तत्काल प्राप्त नहुने । |
| **कन्या** | नयाँ कामको अवसर प्राप्त हुनसक्छ । |
| **तुला** | मिहिनेछ गर्दा आम्दानीको स्रोत फेला पर्ला । |
| **वृश्चिक** | सानोतिनो समस्याले अल्झाउन सक्छ । |
| **धनु** | समाजिक जिम्मेवारी उपलब्ध हुनेछ । |
| **मकर** | प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । |
| **कुम्भ** | विवादास्पद कामको जिम्मेवारी आउनेछ । |
| **मीन** | काम गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल | ६६१२२६६ |
| किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डाँछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२६ चैत, २०८१ (०८, अप्रिल २०२५)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३६.४६ | १३७.०६ |
| युरो | १ को | १४७.२१ | १४७.८५ |
| पाउन्ड स्टिर्लङ | १ को | १७६.१० | १७६.८८ |
| स्विस फ्रैन्क | १ को | १५४.५९ | १५५.२७ |
| अस्ट्रेलियन डलर | १ को | ८५.२४ | ८५.६१ |
| क्यानाडियन डलर | १ को | ९४.७७ | ९५.१८ |
| सिङ्गापुर डलर | १ को | १०१.५७ | १०२.०१ |
| जापानी येन | १० को | ९.१४ | ९.१८ |
| चिनियाँ युआन | १ को | १८.७७ | १८.८५ |
| साउदी अरब रियाल | १ को | ३६.३८ | ३६.५४ |
| कतारी रियाल | १ को | ३७.४४ | ३७.६० |
| थाई भाट | १ को | ४.०० | ४.०१ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.१५ | ३७.३२ |
| मलेसियन रिङेट | १ को | ३०.७५ | ३०.८९ |
| दक्षिण कोरियन वन | १०० को | ९.२६ | ९.३० |
| स्विडिस क्रोनर | १ को | १३.६१ | १३.६७ |
| डेनिस क्रोनर | १ को | १९.७३ | १९.८२ |
| हङकङ डलर | १ को | १७.५४ | १७.६२ |
| कुवेती दिनार | १ को | ४४२.५६ | ४४४.५१ |
| बहराइन दिनार | १ को | ३६१.९९ | ३६३.५८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**सेतो मच्छिन्द्रनाथको रथ** | वर्षा र सहकालका देवता सेतो मच्छिन्द्रनाथको रथ सोमबार हनुमाढोस्थित कालभैरवपरिसरबाट तानेर लगन टोलतर्फ लगिँदै । *तस्बिरः रत्न श्रेष्ठ/रासस*

# 'थाङ्का कलाकारले कपी पेस्टमात्र गर्दा परम्परागत कला टिकाउन चुनौती'

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालमा परम्परागत कला पौभा र थाङ्का (थांकु) चित्रकलाको सिर्जना र बजार कस्तो छ ? यसै विषयमा सोमबार नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानमा प्रतिष्ठानको परम्परागत चित्रकला विभाग र तामाङ पत्रकार संघ काठमाडौं शाखाले विमर्श गरेका छन् । 'परम्परागत कलाको आयाम' शीर्षकमा नक्सालस्थित प्रतिष्ठानको सभा हलमा गरिएको विमर्शमा थाङ्का व्यवसायी अनिल घिसिङले नयाँ पुस्ता थाङ्का कला क्षेत्रमा नटिकेको बताए । 'अहिले नयाँ पुस्ताका कलाकार आउनुपर्ने हो । तर विदेश उडिहाल्ने चलन चलेको छ,' घिसिङले भने ।

अहिले थाङ्का सिर्जनामा पुरानै कलाको कपी पेस्टमात्र हुने गरेको घिसिङको भनाइ थियो । 'बजार विस्तार हुन नसक्नुमा थाङ्का लेखन परम्परागत भयो । नयाँ क्रिएसन र दर्शन आएन । खालि कपी पेस्ट छ । परिमार्जन नै छैन । यस्तो भएपछि कसरी बजार चल्छ ?,' घिसिङले भने ।

कलाको सिर्जना र गुणात्मक दुवै पक्षलाई जोड्न समन्वयको भूमिका निर्वाह गरिरहेको उनको भनाइ छ । व्यवसायी सुनिल शाक्यले पौभा कलाकारहरूलाई कला सिर्जना गरेर मनग्गे कमाउन सक्ने ठाउँ रहेको उल्लेख गरे । कलाकार उजय बज्राचार्यले भने कला



सिर्जनामा अहिले सुखद अवसर रहेको बताए । उनका अनुसार प्रविधि र एआईका कारण भने सिर्जनामा चुनौती थपिएको छ । यसमा कलाकारहरूले मौलिकताको पक्षमा ध्यान दिन जरुरी रहेको उनको भनाइ थियो ।

प्रतिष्ठानको परम्परागत चित्रकला विभाग प्रमुख पाल्साङ्मो लामाले पौभा र थाङ्का कला विकासका लागि प्रतिष्ठानले समन्वयकारी भूमिका निर्वाह गरिरहेको बताए । उनले भने, 'पौभा, थाङ्काजस्ता परम्परागत कलाको विकास र विस्तारका लागि हामीले कलाकार, व्यवसायी सबैलाई समेट्ने प्रयास गरिरहेका छौं । कलाको सिर्जना र व्यावसायिक पाटो दुवै राम्रो होस् भन्ने हाम्रो मनसाय हो ।'

परम्परागत कलाको विस्तारका लागि समयसापेक्ष चल्नुपर्ने प्रतिष्ठानका उपकुलपति लालकाजी लामाले बताए । उनका अनुसार परम्परागत कलाको जुन मौलिक दर्शन र विचारलाई परिस्कृत नगरीकन हामी समयअनुसार चल्न सक्छौं । आगामी दिनमा कला विकासका लागि प्रतिष्ठान सहकार्यका लागि तयार रहेको उनले सुनाए । कार्यक्रममा प्रतिष्ठानका प्राज्ञहरू, अग्रज कलाकार तथा पत्रकारहरू सहभागी थिए ।

# डढेलो रोकथाम गर्न निर्देशन

■ प्रभाव संवाददाता

**काठमाडौं–** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को सोमबार सम्पन्न १७औं बैठकले पश्चिम नेपाल भूकम्प तथा २०८१ सालको मनसुनजन्य विपद्पश्चात्को पुनर्निर्माण तथा पुनःस्थापना योजनाको कार्यान्वयन अवस्थाको समीक्षा गरेको छ ।

प्रधानमन्त्री एवं परिषद्का अध्यक्ष केपी शर्मा ओलीका अध्यक्षतामा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा भएको उक्त बैठकमा गत पुस २८ गतेको १६औं परिषद् बैठकबाट स्वीकृत पश्चिम नेपाल भूकम्प तथा २०८१ सालको मनसुनजन्य विपद्पश्चात्को पुनर्निर्माण तथा पुनर्स्थापना योजनाको कार्यान्वयन अवस्थाबारे जानकारी गराइएको थियो । योजना स्वीकृतिपछि गत माघ २ गतेदेखि लाभग्राहीसँग सम्झौता प्रक्रिया प्रारम्भ गरी पुनर्निर्माण कार्य थालनी भएको थियो । सोमबारको बैठकमा




उक्त योजनामा छुट भएका संरचनाको पुनर्निर्माणका लागि प्राप्त प्रस्तावलाई सम्बन्धित मन्त्रालयबाट यथार्थ पुनरावलोकन गराई आवश्यकता र प्राथमिकताका आधारमा समावेश गर्ने निर्णय भएको छ ।

बैठकले वन डढेलो र त्यसका कारणले सिर्जित वायु प्रदूषणको अवस्थालाई ध्यानमा राखी डढेलो रोकथाम तथा नियन्त्रण गर्न गृह मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, प्रदेश सरकार र स्थानीय तहलाई निर्देशन दिएको छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय प्राधिकरणले पुनर्निर्माण र पुनर्स्थापनाका लागि सडक तथा यातायात, सरकारी भवन तथा सहरी पूर्वाधार, विद्युत् वैकल्पिक ऊर्जा र सिँचाइ, निजी आवास, शैक्षिक संरचना, स्वास्थ्य संरचना, खानेपानी सरसफाइ तथा स्वच्छता र पुरातात्त्विक संरचनालाई प्राथमिकताका क्षेत्रमा समावेश गरेको छ । सोह्रौं बैठकले डोटी तथा जाजरकोट केन्द्रबिन्दु भई भएको भूकम्पपश्चातको क्षति आकलन, निजी आवास पुनर्निर्माण तथा प्रबलीकरण प्रक्रिया प्रारम्भ गर्ने पनि निर्णय गरेको थियो ।

प्रधानमन्त्री ओलीले पुनर्निर्माण र पुनर्स्थापनाको कार्यमा प्राधिकरणले गति लिनुपर्नेमा जोड दिए । उनले विपद्का समयमा उद्धार र राहतका लागि गृह मन्त्रालय र सुरक्षा निकायलाई आवश्यक तयारी गर्न निर्देशन दिए ।

## शुक्लाफाँटा नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय

**झलारी, कञ्चनपुर**
**सुदुरपश्चिम प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति २०८१/१२/२६)

यस कार्यालयको आ.व २०८१/८२ अन्तर्गत तपसिल बमोजिमको खरिद कार्यका लागि मिति २०८१/१२/५ गतेको राष्ट्रियस्तरको पत्रिकामा प्रकाशित सुची अनुसार न्युनतम मुल्यांकित सारभूत रूपमा प्रभावग्राही देखिन आएका बोलपत्र स्वीकृतका लागि छनौट भएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सोहि ऐनको दफा २७ को उपदफा (२) र (३) बमोजिम सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं | ठेक्का नं | खरिद कार्यको विवरण | छनौट भएका बोलपत्रदाताको विवरण | कबोल अंक |
|---|---|---|---|---|
| 1. | SMP/081-82/ NCB/BTR/33 | Construction of blacktop road from ward no.1 to boarder of ward no.12 shuklaphanta-1 madhyamaarg | M/S Bibek builders Bheemdatta-18 | 3491930.83 |

## Barju Rural municipality
## Office Of Rural Municipal Executive

**Amhivelha Sunsari**
**Koshi Province, Nepal**

### Invitation for Bids for the as per table below

**Contract Identification No: BRM/SUNSARI/QCBS/1/2081/82**
**Date of publication: 07-04-2025**

**Name of Project: Gender Violence, Human wevinchen, and social development**

1. Government of Nepal (GoN) has allocated fund toward the cost of Gender Violence, Human wevinchen, and social development and intend to apply portion of this fund to eligible payments under the Contract for which this Expression of Interest is invited for National consulting service
2. The Barju Rural Municipality now invites Expression of Interest (EOI) from eligible consulting firms ("consultant") to provide the following consulting services: Training of social development program on prevention of gender violence and control of human trafficking in Barju Rural Municipality, Sunsari' Mobile repair / AC and Refrigerator repairing, City Rickshaw Repairing, Napkin Making, Mushroom Farming, Vegetable Farming (Green House method) and Bamboo Handicrafts (with chemical treatment)
3. Interested eligible consultants may obtain further information and EOI document free of cost at the address Barju Rural Municipality,Barju Rural Municipality Sunsari Amahibelaha, Sunsari Koshi Pradesh Nepal during office hours on or before 22-04-2025 12:00 or visit e-GP system www.bolpatra.gov.np/egp or visit the client's website barjumun.gov.np
4. Consultants may associate with other consultants to enhance their qualifications.
5. Expressions of interest shall be delivered online through e-GP system www.bolpatra.gov.np/egp Barju Rural Municiaplity on or before 22-04-2025 12:00
6. In case the last date of obtaining and submission of the EOI documents happens to be a holiday, the next working day will be deemed as the due date but the time will be the same as stipulated.
7. EOI will be assessed based on Qualification 30.0 %, Experience 50.0 %, and Capacity 20.0 % of consulting firm and key personnel. Based on evaluation of EOI, only shortlisted firms will be invited to submit technical and financial proposal through a request for proposal.
8. Minimum score to pass the EOI is 60

## माइग्रेसन सटिफिकेट हरायो

मेरो निम्न व्यहोराको माइग्रेसन सटिफिकेट देवकोट नगरपालिका-४, बगुन, कञ्चनपुरबाट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी अथवा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
**नामः प्रमोद गिरी**
**रजिष्ट्रेशन नं.:** 767264267
**सिम्वल नं.:** 27204867
**ठेगानाः** देवकोट नगरपालिका-४, कञ्चनपुर
**सम्पर्क नं.:** 9763498911

## Dharan Sub- Metropolitan City Office

**Dharan**

### Invitation for Sealed Quotation

**Sealed Quotation No:20/DHARAN/WORKS/SQ/081/82**
**Date of Publication : 08-04-2025, 2081-12-26**

1. The Dharan Sub- Metropolitan City Office, Dharan invites sealed quotations from registered contractors for Construction of NAST Laboratory Building Block, Dharan-17.
2. The Estimated amount for the works is(in NRs.): 1,711,015.33 (Exclusive of VAT and Contingencies and including P.S).
3. Eligible Bidders may obtain further information and inspect the Sealed quotation Forms at PPMO website www.bolpatra.gov.np.

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ११ अंक ३४० चैत २३ गते २०८१ मा प्रकाशित **Ali Overseas Pvt. Ltd.** को Lot No. 321523 को Snaps Technical Services Llc कम्पनीको विज्ञापनमा building painter (wall Painter) को मासिक तलब रु AED 1200/- हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

ALI OVERSEAS PVT. LTD. Govt. License 722/064/065
Samakhusi-3, Ranibari, Kathmandu, Nepal Phone : +977-1-4960155, 4960188
E-mail : recruitment.alioverseas@gmail.com, info@alioverseas.com.np, Website : www.alioverseas.com.np

## युएइमा रोजगार

**कम्पनी : ALMEZIN GENERAL CONTRACTING L.L.C.**

पूर्व स्वीकृति मिति : २०८१/१२/२५ | LT. No. 321578 | चलानी नं. ६०२३५६९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 25 | 0 | 1200 | ४४.८६५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Electrician. | 50 | 0 | 1200 | ४४.८६५ | | | | | | | |
| 3 | Finishing Carpenter | 20 | 0 | 1200 | ४४.८६५ | | | | | | | |
| 4 | Labourer (Male) | 20 | 0 | 800 | २९.९१० | | | | | | | |
| 5 | Mason (Block) | 25 | 0 | 1200 | ४४.८६५ | | | | | | | |
| 6 | Steel Fixer | 25 | 0 | 1200 | ४४.८६५ | | | | | | | |
| 7 | Tile Masons | 35 | 0 | 1200 | ४४.८६५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख २ गते (15th Apr. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MINAWA
Govt.Lic. No- 1168/073/074
MINAWA RECRUITMENT H.R. PVT LTD
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ११ अंक ३४२ चैत २५ गते २०८१ मा प्रकाशित **Golden Gateway Internatioal P.Ltd** को Lot No. 316238 को Kolin Construction Tourism Industry And Trading Co.inc. कम्पनीको विज्ञापनमा अन्तरवार्ता हुने मितिः २०८२, वैशाख १ हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

Golden Gateway Internatioal P. Ltd.
Ekata Tole, Sinamangal-9, Kathmandu, Nepal
Tel No. +977-1-4448156, 4465976, E-mail : goldengatewayintenational@gmail.com

## युएइमा रोजगार

**कम्पनी : Plus Palace General Contracting LLC**

पूर्व स्वीकृति मिति : २०८१/१२/२५ | LT. No. 321604 | चलानी नं. ६०२३५७१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Outdoor | 5 | 0 | 1200 | ४४.८६५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Furniture Carpenters | 10 | 0 | 1400 | ५२.३४५ | | | | | | | |
| 3 | Helper | 10 | 0 | 1200 | ४४.६८५ | | | | | | | |
| 4 | Mason/tile Worker | 5 | 0 | 1400 | ५२.३४५ | | | | | | | |
| 5 | Scaffolder | 10 | 0 | 1500 | ५६.०८५ | | | | | | | |
| 6 | Shuttering Carpenter | 5 | 0 | 1400 | ५२.३४५ | | | | | | | |
| 7 | Steal Fixer | 5 | 0 | 1400 | ५२.३४५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख २ गते (15th Apr. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ९७५/०६७/०६८
OCTOPUS RECRUITMENT PVT.LTD
Buddha Nagar, New Baneshwor, Kathmandu, Nepal, Tel : 1-4790666/ 01-4790655,
Email: octopusre@gmail.comWeb: www.octopusrecruitment.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# आन्दोलन संयमित बनाऔं

चैत १५ गते काठमाडौंको तीनकुनेमा भएको राजावादी आन्दोलनबाट राष्ट्रिय प्रजातन्त्र पार्टी हौसिएको देखिन्छ । तीनकुनेमा राप्रपाकै सहयोगमा विवादित मेडिकल व्यवसायी दुर्गा प्रसाईंको नेतृत्वमा भएको आन्दोलन हिंसात्मकमात्र बनेन व्यक्तिको सम्पत्ति तोडफोडमासमेत उत्रियो आन्दोलनकारी । आन्दोलनको 'चेन अफ कमाण्ड' नहुँदा प्रदर्शनकारी तितरवितर बने । कसको निर्देशन वा आग्रह मान्ने कुरै नभएपछि प्रदर्शनकारीले पार्टी कार्यालयदेखि भाटभटेनी र जडीबुटी कारखानासमेत निशाना बनाए । जसलाई नियन्त्रणमा लिन प्रहरीले ५८ राउण्ड गोली चलाउनुपर्‍यो । जसकारण २० जना घाइते भए भने गोली लागेर एक जनाको मृत्यु भयो भने एक जना पत्रकारको जलेर मृत्यु भयो ।

यो दंगा नियन्त्रण गर्न प्रशासनले कफर्यु नै लगाउनुपर्‍यो । आन्दोलनको नेतृत्व गरेका प्रसाईं अझै फरार छन् । दंगा भड्काउन उत्तेजक अभिव्यक्ति दिएको भन्दै प्रहरीले राष्ट्रिय प्रजातान्त्र पार्टी (राप्रपा)का वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र र महामन्त्री धवलशमशेर राणालाई हिरासतमै राखेको छ। राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनको पछिल्लो अभिव्यक्ति सुन्दा उनी यही आन्दोलनको परिणामबाट हौसिएझैं सुनिन्छ ।

लिङ्देनले आन्दोलन आक्रामक बनाउने योजना बनाएको संकेत गरे । यस कार्यक्रमबारे उनले आफू पनि थुनिए आन्दोलन निर्णायक भएर जाने दाबी गरेका छन्। सोमबार लिङ्देनले भने– यदि मलाई थुनियो भने मविना पनि आन्दोलन अघि बढेर जान्छ। हाम्रा पार्टीका नेताहरू थुनिँदा आन्दोलनलाई बल पुगेको छ। मलाई राखियो भने झन् आन्दोलन निर्णायक भएर जान्छ ।

हिन्दूराष्ट्र, राजसंस्थाको पुनर्स्थापना तथा प्रदेश खारेजी हुनुपर्ने मागमा राप्रपा छ । उसले यही मुद्दा लिएर सदनदेखि सडकमा आफ्नो उपस्थिति जनाउँदै आएको छ । यही मुद्दामा तीनकुनेमा उत्रिएको मिश्र र राणा थुनिँदा अहिलेको आन्दोलनलाई बल मिलेको भन्दै आफू थुनिए आन्दोलन अझ निर्णायक भएर जाने तर्क राम्रो हैन। लिङ्देनको अभिव्यक्तिले आन्दोलन कतै अराजकतातिर जाने त हैन भनेर अनुमान लगाउन सकिन्छ ।

यस्तो हुँदा प्रहरीले बल लगाउनुपर्ने अवस्था आउन सक्छ । यो क्षेत्रमा पहिले प्रसाईंले प्रदर्शन गरिसकेका छन् । सोमबार साँझ लिङ्देन यो क्षेत्रको निरीक्षणमा पुगे। यो क्षेत्रमा परीक्षा नियन्त्रण कार्यालयदेखि त्रिभुवन विश्वविद्यालयसम्म छ । यसैगरी नेपाली कांग्रेसको कार्यालय पनि यहाँबाट नजिकै पर्छ । प्रशासन र आन्दोलनकारी पक्षबाट संयमता नअपनाए दुर्घटना नदोहोरिएला भन्न सकिन्न । त्यसैले दुवै पक्षबाट संयमता अपनाएर आन्दोलन शान्तिपूर्ण तरिकाले सम्पन्न होस् ।

# मुलुककै विकासको आधार : लुम्बिनी र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल



■ दामोदर खनाल

गौतमबुद्धको जन्मस्थल पवित्र शान्तिभूमि लुम्बिनी अन्तर्राष्ट्रिय तीर्थस्थल र पर्यटकीय क्षेत्रको रूपमा परिचित छ । यहाँ पर्यटकको आर्कषण बढ्दै गएकोले आन्तरिक तथा बाह्य पर्यटक आउने क्रम पनि बढ्दो छ । शाक्य वंशको राजधानी, शान्ति, अहिंसा र सत्यजस्ता सबैको प्रेरणाको स्रोत बनाइराख्न यस क्षेत्रलाई विदेशीलेसमेत पवित्र दिलले तन, मन र धन दिएर सहयोग गरिरहेका छन् । लुम्बिनी जति शान्त र सुन्दर छ यहाँको वातावरण भने अझ पनि त्यति व्यवस्थित हुन सकेको छैन ।

लुम्बिनी प्रदेशको रूपन्देही जिल्ला प्रशस्त सम्भावना भएको जिल्ला हो । पश्चिम नेपालको औद्योगिक एवं व्यापारिक केन्द्र रूपन्देहीलाई बनाएर कृषि, पर्यटन र औद्योगिक विकास गर्न सकिने प्रशस्त आधार छन्। लुम्बिनी क्षेत्रको मात्र विकास गर्न सके धेरै युवालाई रोजगार दिँदै राम्रो आम्दानी लिन सकिन्छ। तर यसका लागि एकातिर सरकारले स्पष्ट योजना बनाउन आवश्यक छ भने अर्कोतिर हामीमा नैतिकता र इमान्दारिताको पनि उत्तिकै खाँचो पर्दछ। विकास निर्माणको काममा राजनीतिक अस्थिरताको अन्त्य र दलहरूबीच एकताको खाँचो हुन्छ।

भगवान् गौतमबुद्धको जन्मस्थल लुम्बिनी रूपन्देही जिल्लामा हुनु, भैरहवामा गौतमबुद्ध अन्तर ाष्ट्रिय विमानस्थलको निर्माण, भैरहवामै विशेष आर्थिक क्षेत्र (सेज) को स्थापना, बुटवल-भैरहवा सिक्स लेन सडकको निर्माण, बुद्ध सर्किट सडक निर्माण, बुटवलमा अन्तर्राष्ट्रियस्तरको सभाहल तथा दुईवटा केवलकार निर्माणजस्ता कार्यले पनि यस क्षेत्रको पर्यटन र आर्थिक सम्भावनाको बाटो देखाएको छ। यसले उद्योगी व्यवसायी, लगानीकर्ता र सर्वसाधारणमा उत्साह जगाएको छ।

यस क्षेत्रका उद्योगी व्यवसायी र आमनागरिक यी विकासका आधारहरूको निर्माणले अर्थतन्त्र चाँडै उकालो लाग्ने आशामा छन् । अझ अन्तर्राष्ट्रिय विमानस्थलको निर्माणले लुम्बिनी क्षेत्रको मात्र विकास नभई मुलुकलाई अन्तर्राष्ट्रियस्तरमा चिनाउने भएकोले राष्ट्रकै आर्थिक विकासको मेरुदण्डको रूपमा हेरिएको छ । यसले यहाँका उत्पादनलाई अन्तर्राष्ट्रियस्तरमा पहिचान गराउन पनि महत्त्वपूर्ण भूमिका खेल्ने देखिन्छ। साथै, धेरै पेसा व्यवसायलाई चलयमान बनाउँदै थुप्रैलाई रोजगारको अवसर दिने सम्भावना देखिन्छ । गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई पूर्णक्षमतामा सञ्चालन गनुपर्ने माग उठिरहँदा अहिले उडान गर्दै आएका चार अन्तर ाष्ट्रिय विमान कम्पनीहरूलेसमेत उडान स्थगित गर्न थालेपछि होटल र पर्यटन व्यवसायमा अर्बौं लगानी गरेका यस क्षेत्रका उद्योगी व्यवसायीमा निराशा छाएको छ।

अहिले उडान गर्दै आएका थाई एयर एसिया, जजिरा फ्लाइ दुबई र कतार एयरवेजले चैत १८ गतेदेखि गौतमबुद्ध अन्तर्राष्ट्रिय विमान स्थलमा उडान स्थगित गरेपछि यहाँको नियमित उडानको चुनौती थपिएको हो । जाडो याममा हुस्सु तथा कुहिरोको बहाना देखाउँदै उडान गर्न नचाहेका विमान कम्पनीहरूले यात्रुको संख्या बढिरहेका बेला ग्रीष्मकालीन मौसममासमेत भैरहवाको उडान स्थगित गर्नु रहस्यमय भएको छ।

मौसममा सुधार आएपछि र हुस्सु तथा तुवाँलो लागेको समयमासमेत सुरक्षित अवतरण गराउन सकिने स्याटलाइटमा आधारित आरएनपी एयर प्रणाली लागू गरेपछि माघको दोस्रो सातादेखि पुनः उडान सुरु गरेका थिए । तर अहिले चारवटै विमान कम्पनीले भैरहवाको उडान स्थगित गरी काठमाडौं केन्द्रित हुन लागेका छन् । यसले गर्दा पर्यटन क्षेत्रमा सम्भावना देखेर होटल तथा पर्यटन व्यवसायमा लगानी गरेका उद्योगी व्यवसायीलाई निराश बनाएको छ।

प्रधानमन्त्री केपी शर्मा ओलीले सदनमा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नियमित हुन्छ भन्नु, संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पाण्डे तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले बुटवल क्षेत्रमा आयोजित कार्यक्रममा पटक-पटक यहाँको अन्तर्राष्ट्रिय विमानस्थल नियमितरूपमा सञ्चालन हुने बताउँदै आएका बेला चारवटै विमान कम्पनीले उडान स्थगित गर्नु थप आशंकाको विषय बनेको छ । नेताहरूको बोली 'स्टण्ट' कि बिचौलियाले उडान काठमाडौं मात्र केन्द्रित गरे ? भन्ने प्रश्न उब्जिएको छ। चैत १८ गतेदेखि थाइ, एयर एसिया, जजिरा, फ्लाइ दुबइ र कतार एयरवेजले उडान स्थगित गरेका छन्।

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलका सूचना अधिकारी निर्देशक श्यामकिशोर साहका अनुसार विमान कम्पनीहरूले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा उडान गर्न यसअघि लिएको अनुमति गएको मार्च ३१ अर्थात् चैत १८ सकिएको छ। पुनः अनुमति लिनुपर्नेमा उडान अनुमति लिएका छैनन्। विमान कम्पनीहरूले पर्याप्त यात्रु नभएको बताइरहँदा पछिल्लो समय गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको तथ्यांकले भने यात्रुहरूको संख्या बढ्दै गएको देखाएको छ। तर एकाएक अन्तर्राष्ट्रिय उडान रोकिँदा आशंका उब्जिएको हो।

१५ सय मिटरको धावनमार्गमा सञ्चालन भइरहेको यो विमानस्थललाई स्तरोन्नति गरी तीन हजार मिटरको धावनमार्गसहित अन्तर्राष्ट्रियस्तरको बनाइएको छ। यो विमानस्थलको स्तरोन्नतिपश्चात् काठमाडौं आउने अन्तर्राष्ट्रिय उडानका जहाज यहाँ अवतरण गर्ने विकल्प तयार भएको हो । यो विमानस्थलले लुम्बिनी क्षेत्रको मात्र विकास नभएर मुलुकलाई अन्तर्राष्ट्रिय स्तरमासमेत चिनाएको छ । यसको निर्माणले सिंगो लुम्बिनी प्रदेशको रूपन्देही, पाल्पा, गुल्मी, नवलपरासी, कपिलवस्तु, अर्घाखाँचीलगायत जिल्लाको विकासमा प्रत्यक्ष टेवा पुग्ने स्थानीय उद्योगी व्यवसायी, बुद्धिजीवी सर्वसाधारणको बुझाइ छ । यो विमानस्थल निर्माणसँगै भगवान् गौतमबुद्धको जन्मस्थल लुम्बिनीसँग विश्वका विभिन्न सहरहरू जोडिने भएकाले लुम्बिनीमा धार्मिक पर्यटनको ढोका खुल्ने स्थानीय बुद्धिजीवीहरू बताउँछन्।

### राज्यले नचिनेको लुम्बिनी

गौतमबुद्धको जन्मस्थल पवित्र शान्तिभूमि लुम्बिनी अन्तर्राष्ट्रिय तीर्थस्थल र पर्यटकीय क्षेत्रको रूपमा परिचित छ। यहाँ पर्यटकको आर्कषण बढ्दै गएकोले आन्तरिक तथा बाह्य पर्यटक आउने क्रम पनि बढ्दो छ । शाक्य वंशको राजधानी, शान्ति, अहिंसा र सत्यजस्ता सबैको प्रेरणाको स्रोत बनाइराख्न यस क्षेत्रलाई विदेशीलेसमेत पवित्र दिलले तन, मन र धन दिएर सहयोग गरिरहेका छन् । लुम्बिनी जति शान्त र सुन्दर छ यहाँको वातावरण भने अझ पनि त्यति व्यवस्थित हुन सकेको छैन । लुम्बिनी गुरुयोजनाका महत्त्वपूर्ण केही संरचना बन्न बाँकी नै भएकोले वरिपरिको वातावरण प्रदूषित देखिन्छ । अनि निर्माण गरिएका कतिपय संरचना पुनर्निर्माण गर्नुपर्ने अवस्थामा पुगिसकेका छन्।

यथार्थमा अन्तर्राष्ट्रिय महत्त्व राख्ने लुम्बिनीको विकासमा सरकारको चासो कम भएको देखिन्छ । लुम्बिनी विकास कोषमा राजनीतिक खिचातानीका कारण बेलाबेलामा विभिन्न समस्या उत्पन्न हुने गरेको धेरैलाई अवगत नै छ । नयाँ पदाधिकारीले पनि आशा गरिएअनुसार कामको गति दिनसकेको देखिँदैन । वास्तवमा कोषमा लामो समयदेखि चरम राजनीतिकरण छ । मन्त्री फेरिएपिच्छे यहाँको काम प्रभावित हुने गरेको पाइन्छ। जसका कारण नै यहाँको कामको ठेक्कापट्टा, कर्मचारी भर्नालगायतका काम चुस्त दुरुस्त हुन सकेको छैन।

लुम्बिनीमा अन्तर्राष्ट्रिय शान्ति सम्मेलनलगायत विभिन्न महत्त्वपूर्ण कार्यक्रमहरू पनि संम्पन्न भइसकेका छन् । यद्यपि विश्वसम्पदा सूचीमा सूचीकृत यस क्षेत्रमा निर्माण भएका कतिपय संरचना मापदण्डविपरीत भएकोले यसबारे प्रश्न उठिरहेको छ । जुन विषयमा सरोकारवाला निकायको ध्यान जान सकेको छैन।

कोरोनाकालमा अस्तव्यस्त बनेको लुम्बिनीमा पछिल्लो समय आन्तरिक र बाह्य पर्यटकको आगमनले केही गति लिन थालेको छ। तर विदेशी पर्यटकको आगमन आशा गरिएअनुसार बढ्न सकेको छैन। आजभन्दा ४५ वर्ष अगाडि लुम्बिनीको समग्र विकासका जापानी वास्तुकलाविद् केन्जो टाँगेले बनाएको लुम्बिनी गुरुयोजनाको काम अझ पनि अपूरै छ । यो भन्दा लाजमर्दो के हुन सक्छ ? सम्भावना बोकेको लुम्बिनीको विकासको यो कछुवा गतिलाई के भन्ने ?

कामको हिसाबले गुरुयोजनाको काम अझै करिब २० प्रतिशत जति बाँकी छ । जुन काम गर्न झन्झै धेरै बजेट लाग्ने अनुमान गरेको पाइन्छ । हालसम्म करिब साढे छ अर्ब रूपैयाँजति रकम खर्च भइसकेको बताइन्छ। हुन त सरकारले लुम्बिनी विकास कोषलाई राजनीतिबाट टाढा राख्न नसकेका कारण पनि यहाँको विकासमा आशातीत उपलब्धि हासिल हुन नसकेको हो। लुम्बिनीको विकासका लागि सरकारले प्रचारप्रसार र प्रवर्द्धनमा विशेष जोड दिँदै यहाँ आउने थाई, श्रीलंका, म्यानमार, चीनलगायतका विदेशी पर्यटकको बसाइ लम्ब्याउनसक्ने वातावरण दिनसके लुम्बिनी आसपासको क्षेत्रको पनि राम्रो विकास हुनसक्ने सम्भावना देखिन्छ।

भारतहुँदै यहाँ आउने अधिकांश पर्यटक भारतीय ट्राभल एजेन्सी र उनीहरूकै प्याकेजअन्तर्गत आउने हुँदा उनीहरूको नेपाल बसाइ अति छोटो भइरहेको छ। अन्तर्राष्ट्रिय महत्त्व राख्ने लुम्बिनीका लागि सरकारले उच्च प्राथमिकता दिएर आवश्यक बजेटको व्यवस्था गरी बाँकी रहेका विद्युतीकरण, टेलिफोन जडान, सरसफाइ, सजावट तथा निर्माण भएका हललगायत संरचनाको सरक्षणको काम राम्रो गर्न चासो दिन जरुरी छ।

लुम्बिनीको योजनाबद्ध विकासका बनाइएको लुम्बिनी गुरुयोजना सन् १९७८ मा सुरु भएको थियो । यद्यपि यो गुरुयोजना आफैंमा महत्त्वकांक्षी भएकाले पनि अहिलेसम्म पनि योजनाले मूर्त रूप लिन सकेको छैन। यस्तो महत्त्वपूर्ण अन्तर्राष्ट्रिय चासो पाएको पवित्र भूमि लुम्बिनीको विकास कछुवा गतिमा हुनु सोभनीय हैन। पछिल्लो समय बुद्धसँग सम्बन्धित कपिलवस्तुको तिलौराकोट, रूपन्देहीको भवानीपुर, देवदह, नवलपरासीको रामग्रामलाई बुद्ध सर्किटको रूपमा विकास गरिँदै छ।

वार्षिकरूपमा यहाँ लाखौंको संख्यामा स्वदेशी, विदेशी आउँछन् । तसर्थ, यहाँ पर्यटकका लागि आवश्यक पूर्वाधार जतिसक्दो छिटो निर्माण गर्न सक्ने हो भने पर्यटन व्यवसायबाट नै ठूलो लाभ लिन सकिन्छ। त्यसका लागि यहाँका प्राचीन स्मारक, अवशेष, पुरातात्विक वस्तु, अशोक स्तम्भ, मायादेवी मन्दिर, विभिन्न शिलापत्र, संग्रहालय, पोखरी, विहार, गुम्बा, प्रार्थना क्षेत्र, शान्ति स्तुप, शान्ति दीप, शान्ति घण्टलगायतले गर्दा लुम्बिनीको महत्त्वलाई अझ बढाएको छ। यथार्थमा यो पवित्र भूमिको माटो प्रयोग गरी बुद्ध मूर्ति र यहाँका विभिन्न संरचनाका कोसेली बनाएर बिक्री गर्ने हो भने पनि धेरैको रोजीरोटी चल्नुका साथै राम्रो आम्दानी गर्न सकिन्छ।

साँच्चै सरकारले पर्यटन विकासको स्पष्ट योजना ल्याउनसक्ने हो भने यो क्षेत्रमा विदेशी बौद्धमार्गी र अन्य पर्यटकहरूको ओइरो नै लाग्नसक्छ। यसबाट लुम्बिनी प्रदेशको मात्र विकास नभई समग्र देशको आर्थिक विकासमासमेत टेवा पुग्ने देखिन्छ। तसर्थ तीन तहकै सरकारले लुम्बिनी गुरुयोजना पूरा गर्न तत्काल ध्यान दिन आवश्यक छ।

## श्रम सरोकार

# नेपालमा पैसा पठाउँदा ध्यान दिनुपर्ने कुराहरू

विदेशमा कमाएको पैसा सुरक्षितसँग घरमा पठाउनु उत्तिकै आवश्यक छ। अवैधानिक माध्यमबाट पठाउँदा ठगीमा परिने सम्भावना हुन्छ। विदेशबाट नेपालमा आफ्ना आफन्तलाई पैसा पठाउन बैंक खाता वा रेमिटचान्स कम्पनीहरूको प्रयोग गर्न सकिन्छ । अझ रेमिटचान्सबाट पठाउन तुलनात्मकरूपमा सस्तो, सहज र भरपर्दो हुन्छ । वैधानिक माध्यमबाट रेमिटचान्स पठाउनेलाई सरकारले विभिन्न सुविधासमेत दिएको छ।

नेपालमा पैसा पठाउन विभिन्न रेमिटचान्स कम्पनीहरूले सेवा दिँदै आइरहेका छन् । आफू कार्यरत देशबाट कुन-कुन रेमिटचान्स कम्पनीले नेपालमा पैसा पठाउन काम गरिरहेका छन् भन्ने बुझ्नुपर्छ। अझ यसमा बुझ्न के जरुरी छ भने ती रेमिटचान्स कम्पनी नेपालमा रेमिटचान्स कारोबार गर्न अनुमति प्राप्त कम्पनी हो कि होइन। कतिपय अनुमति नलिई सञ्चालन गरिएको कम्पनीले कम सेवा शुल्क र बढी विनिमय दरमा पठाइदिने प्रलोभनमा पारेर ठगी गर्न सक्छन्। यसमा सचेतता अपनाउन जरुरी छ।

रेमिटचान्स पठाउँदा पूर्ण विवरणसहित रकम पठाएको भौचर लिन अनिवार्य हुन्छ। त्यस्तो भौचर सुरक्षित राख्नुपर्छ। केही कारण नेपालमा पाउनुपर्ने व्यक्तिले नपाएको खण्डमा उक्त भौचरमार्फत दाबी गर्न सकिन्छ। यसका अलावा नेपालमा आउँदा सरकारले दिएका विभिन्न सेवा लिनका लागि पनि यस्तो भौचर आवश्यक पर्दछ।

विदेशमा रहेका बैंक खातामार्फत पनि पैसा पठाउन सकिन्छ। यसका लागि पैसा पठाउने र प्राप्त गर्ने दुवै व्यक्तिको बैंक खाता हुनुपर्छ र बैंकको अन्तर्राष्ट्रिय सञ्जाल हुन पनि जरुरी हुन्छ। पैसा पठाउने व्यक्तिले पैसा प्राप्त गर्ने व्यक्तिको बैंकको नाम, खाता नम्बर र बैंकको एक अन्तर्राष्ट्रिय कोड जसलाई 'स्विफ्ट कोड' भनिन्छ, यी जानकारीहरू बैंकमा उपलब्ध गराएपछि इच्छाइएको व्यक्तिको खातामा रकम पुग्ने छ। यो माध्यमबाट पैसा पठाउन साधारणतया रेमिटचान्सभन्दा महँगो पर्छ।

पैसा पठाउने क्रममा अनौपचारिक र गैरकानुनी माध्यमहरू पनि भेटिन्छन्। यस्ता संयन्त्रमा आफूले पठाएको पैसाको कुनै ग्यारेन्टी नहुने हुनाले पैसा डुब्ने जोखिम धेरै हुन्छ । त्यसैले हुण्डीलगायत अवैधानिक च्यानल र व्यक्तिगत माध्यमबाट कहिल्यै पनि पैसा पठाउनु हुँदैन । यसरी अवैधानिक च्यानलबाट पैसा पठाउँदा भोलि नेपालमा आएपछि पनि समस्या हुनसक्छ। त्यसैले सधैं नेपाल राष्ट्र बैंकबाट अनुमतिप्राप्त रेमिटचान्स कम्पनी र तिनका आधिकारिक एजेन्टमार्फत वा बैंकिङ च्यानलमार्फत मात्रै पैसा पठाउने गर्नुपर्छ।




बैकुण्ठ भण्डारी

# कानुन किन्न कति पैसा लाग्छ ?

'नेपालको कानुन, जसले बनाउँछ उसैले जानुन' सेतै कपाल फुलेका मुक्ति काका शंखपार्कमा रहेको शिवमन्दिर नजिकै फलामे कुर्सीमा बसेर भन्दै थिए । तुवाँलोझैं वायुप्रदूषणले काठमाडौंको वातावरण निकै नै प्रदूषित थियो । त्यही प्रदूषित वातावरणको बीचमा पनि केही ज्येष्ठ नागरिक पार्कमा टहलिन पुगेका थिए । सधैंझैं ज्येष्ठ नागरिकहरू शिवमन्दिरको छेउमा बसेर आ-आफ्ना तीता मिठा अनुभव सुनाउने गर्दथे।

आज भने मुक्ति काकाले कानुनका कुरा गरेपछि दाहाल मामा भन्दै थिए। 'होइन हो मुक्ति भाञ्जा आज निकै चिन्तित देख्छु के भो र ?'

मुक्तिले जवाफ फर्काए, 'के हुनु र मामा सुन्नुभएन समाचार ? त्यो रविलाई फेरि जेल हाले छन् !' कहिले यता कहिले उता कहिले यो आरोप कहिले त्यो आरोप गर्न पनि कति सकेका हुन् क्या !

दाहाल मामाले कति बुझेका थिए वा थिएनन् प्याच्चै भनिदिए। 'सहकारी ठगेपछि त जेल हाल्नैपर्‍यो नि । जनताले एक-एक रूपैयाँ गरेर कमाएर बचत गरेको पैसा यसरी मनलाग्दी गर्न पाइन्छ ?'

मामाको कुरा अलि चित्त बुझेन मुक्ति काकालाई, अलि झर्केजस्तै गरी भने, 'मामाले खासै कुरा बुझ्नुभएको रहेन छ। यो त सबै त्यो रविलाई फसाउने खेलमात्र हो ।'

'ल भन्नुस् त साँच्चै नै ठगलाई नै समाउने हो भने त सहकारीको अध्यक्ष जिबी राईलाई समाउनुपर्छ । जसले जनताबाट बर्षौंदेखि पैसा असुलेर बसेको थियो उसलाईचाहिँ बेपत्ता भन्दै नखोज्ने ? अनि विचरा दुई-चार महिना सहकारीसँग जोडिएको मान्छेचाहिँ कसरी अपराधी हुन्छ के ? तपाईं त उही कानुनमै जिन्दगी बिताउनुभाको मान्छे ल भन्नुस् त हो कि होइन ?'

'खै के हो, के हो। यसो हेर्दा चेक चलाएकाले रवि दोषी, नभए र कसरी दोषीजस्तो पनि लाग्छ हो मुक्ति भाञ्जा !'

बल्ल मुक्तिको अनुहारमा खुसी देखियो । 'हो, मैले भनेको पनि त्यही हो मामा । रविलाई जुनसुकै हालतमा पनि जेल कोच्न पाए हुन्छ भन्ने सोचले गर्दा यस्तो भएको हो,बुझ्नु भो ?,' मुक्तिले भने ।

'त्यस्तो त हुन्न । कागज प्रमाणले गर्दा दोषी करार गर्ने हो के भाञ्जा । आरोप लगाउँदैमा कहाँ हुन्छ र ? अनुसन्धान गर्ने सुरक्षा निकायले सबै कुरा जाँचपड्ताल नगरी त्यसै कहाँ पक्राउ गर्छन र ?'

'ल मामा गर्छ । यो नेपाल हो । यहाँ शक्ति हुनेले जे पनि गर्न पाउँछ। बरू भन्नुस् त मामा, त्यो कानुन किन्न कति पैसा लाग्छ हो ? म पनि रविका लागि किनिदिन्छु ?'

'हचा मुक्ति भाञ्जा, कानुन पनि किन्ने भन्ने कुरा हुन्छ ? न्याय सबैको पहुँचमा हुनुपर्छ । सबैले न्याय पाउनुपर्छ । राज्यले कसैलाई पनि अन्यायका दृष्टिकोणले हेर्नु हुँदैन ।'

'यी सब त भन्ने कुरामात्र हुन् मामा। राज्यले अन्याय भएका मानिसलाई न्याय दिन नै सकेको छैन । त्यसकारण पनि न्यायका लागि बहस गर्नुपर्ने अवस्था आएको छ । न्याय पाउने भए मध्यरातमा त्यो रविको घरमा गएर जबर्जस्ती गर्न पाइन्छ ? छैन मामा छैन यो देशमा न्याय भन्ने जिनिश नै छैन !'

मुक्ति काका न्यायका लागि जसरी पनि लड्नुपर्छ भन्नेमा लागेका छन् । तर लडिदिने कसले ? बोलिदिने कसले ? लेखिदिने कसले ? सबका सब द्रव्य पिचास बनेका छन् । पैसाका लागि यिनीहरूले जे पनि गर्न सक्छन् !

दाहाल मामा मुक्ति भाञ्जाको कुरा सुनेर दंग पर्छन्। नपरुन् पनि किन, ५८ वर्ष न्याय सेवामा बसेर काम गर्दा कहिल्यै वास्तविक पीडितले न्याय पाएको उनले देखेनन्। बरु अहिले पो प्रविधिको जमाना छ । हल्लाखल्ला भइहाल्छ । सामाजिक सञ्जाल नहुँदो हो त केही ठूला सञ्चारमाध्यमले जे लेखिदियो वा देखाइदियो त्यसैमा विश्वास गर्नुपर्ने । त्यतिमात्र हो ।

'न्यायालयमा श्रीमान्हरू आदेश दिनुहुन्छ । उहाँका कारिन्दाहरूले मिलाइमिलाइ द्रव्यमा आँखा गाड्नुहुन्छ। विनाद्रव्य कमैले मात्र न्याय पाउँछन् । किनकि श्रीमान् (न्यायाधीश) बन्नका लागि पनि त ठूलो लगानी पो गरेको छ । अब त्यही लगानी उठाउन नसक्ने भए त के को लागि लगानी गर्नु र !'

'न्यायाधीश पार्टीनिकट, सचिव पार्टीनिकट, वकिल पार्टीनिकट, पत्रकार पार्टीनिकट। भएभरका सबै कुनै न कुनै दलसँग आबद्ध । अनि कानुन बिक्री हुँदैन भनेर कसैले पत्याउँछ मामा ?'

'तिमीले भनेको कुरा त ठीकै हो मुक्ति भाञ्जा तर अहिलेसम्म नै त्यसरी चलिरहेको छ । तिमी हामीले यो उमेरसम्म सरकारी पदमा बस्दा देश बिग्रिन लाग्यो भनेर कहिल्यै भनेनौं क्यार ! अब पेन्सन खाइरहेको बेलामा किन टेन्सन लिने क्या !,' दाहाल मामाले भने ।

मामाको कुरा सुनेर मुक्ति भाञ्जा अझै उत्तिजित हुँदै- हामीले टेन्सन नलिए कसले लिन्छ ? यो देश हाम्रो पनि हो पुर्खाले जस्तो छाडेर गएका थिए भावी पुस्तालाई त्यस्तै छाडेर जानु छ । त्यसैले टेन्सन लिएको हुँ क्या ! तर मामा मलाई भन्नुस् कानुन बिक्री हुन्छ ।'

मामा अक्क न वक्क पर्छन्। भाञ्जाको उत्तर मामासँगै छैन । त्यही भएर पनि भाञ्जा अझै भन्छन्- मामा भन्नुस् न के कानुन किनौं। कति रुकम पर्दो रहेछ त्यो पनि बुझौं । आखिर मुद्दा, मामिला वा छोडपत्र होस् कि मेलमिलाप कतै नै कतै उही द्रव्य नै जोडिएकाले कानुन किनिराखौं।

मुक्ति भाञ्जाले पेल्न थालेपछि दाहाल मामा पनि चुप ! ५८ वर्ष न्याय सेवामा काम गरेको पनि बालुवा पानीबराबर नै भयो । कानुन किनिन्छ । कानुन बिक्री हुन्छ । अर्थात् न्यायमा आर्थिक अनियमितता पक्कै भएको हो। हुन्छ पनि।

त्यसैले आज मुक्ति भाञ्जाको एउटै रटान छ- जसरी हुन्छ कानुन किन्ने हो । जति परोस् किन्ने हो । मध्यरातमा रविलाई समातेर लग्यो कानुनकै खेल हो । शक्ति र सत्तामा रहेका र तिनका आसेपासेलाई नलाग्ने अरु सबैलाई लाग्ने। हे नेपालको कानुन, तँ कतिमा बिक्री हुन्छस् ? तेरो मूल्य कति हो ? जति भन्छस् त्यत्तिमा नै किन्न सक्छु। त्यसैले दाहाल मामा भनिदिनुस न प्लिज... कानुन कति पैसाका किन्न पाइन्छ ?'

मुक्ति अड्डी कसेको कस्यै छन् । मुक्तिको अड्डीले काम गरोस् । लुकेर होइन फुकेर नै भन्छन् कानुनको मूल्य कति हो ?

# घोषणामै सीमित गुट्खाजन्य पदार्थ निषेध क्षेत्र

■ वसन्ती आचार्य



**तिलोत्तमा (रूपन्देही)**– २०७९ चैत १ गतेदेखि रूपन्देहीको तिलोत्तमा नगरपालिकाले गुट्खाजन्य पदार्थको बिक्रीवितरणमा रोक लगायो । नगरपालिकाले एक समारोहबीच गुट्खाजन्य पदार्थ निषेध क्षेत्र भनेर घोषणा नै गरिसकेको छ । नगरपालिकाले गुट्खाजन्य पदार्थ बिक्रीवितरण नियन्त्रण गर्नेसम्बन्धी कार्यविधि, २०७९ भनी कार्यविधि पनि बनायो । सो कार्यविधिमा गुट्खाजन्य पदार्थको प्रयोगले मानव स्वास्थ्य र सहरी सुन्दरतामासमेत गम्भीर असर पर्ने देखिएको उल्लेख गरिएको छ ।

गुट्खाजन्य पदार्थको बिक्रीवितरण कार्यको अनुगमनका लागि सो कार्यविधिको दफा ६ को उपदफा १ मा नगरस्तरीय अनुगमन समितिमा नगर उपप्रमुख संयोजक रहनेगरी आर्थिक विकास समिति संयोजक, वन वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक, राजस्व शाखा संयोजक, नेपाल प्रहरीका स्थानीय प्रमुख, उद्योग वाणिज्य संघका प्रतिनिधि, चेम्बर अफ कमर्सका प्रतिनिधि, उद्योग व्यापार संगठनका प्रतिनिधि र नगर प्रहरी इन्चार्ज सदस्य रहेको अनुगमन समिति रहने भनी उल्लेख छ ।

यसैगरी, दफा ७ को उपदफा १ मा टोलस्तरीय अनुगमन समिति वडाध्यक्ष संयोजक रहनेगरी वडाध्यक्षले तोकेको वडा सदस्यमध्येबाट एक वडा सदस्य, टोल विकास सञ्जालका अध्यक्ष, वडा बाल सञ्जाल प्रतिनिधि, क्लब, संघसंस्था, आमा समूहमध्येबाट तीन, स्वास्थ्य संस्थाबाट दुईजना, नेपाल प्रहरीका स्थानीय प्रमुख प्रतिनिधि र वडासचिव रहने भनी उल्लेख गरिएको छ ।

सो कार्यविधिको दफा ४ को उपदफा १ मा जरिवानासमेत तोकिएको छ। पहिलोपटक गुट्खाजन्य पदार्थको बिक्रीवितरण गरेको भेटिएमा थोक बिक्रेताका लागि १० हजार रूपैयाँ र अन्य व्यवसायीका लागि एक हजार ५०० रूपैयाँ जरिवाना तोकिएको छ। त्यस्तै दोस्रोपटक थोक बिक्रेताका लागि २० हजार रूपैयाँ र अन्य व्यवसायीका लागि दुई हजार रूपैयाँ रकम जरिवाना तोकिएको छ भने तेस्रोपटक पनि भेटिएमा थोक बिक्रेताका लागि ५० हजार रूपैयाँ र अन्य व्यवसायीका लागि पाँच हजार रूपैयाँ रकम जरिवाना तोकिएको सो कार्यविधिमा उल्लेख छ ।

पछिल्लो समय नगरपालिकामा गुट्खाजन्य पदार्थको बिक्रीवितरण खुल्ला रूपमा हुँदै आएको स्थानीय बताउँछन् । सो बिक्रीवितरण गर्नेलाई जरिवाना पनि कार्यविधिमा मात्र सीमित भएको उनीहरूको गुनासो छ । जरिवानाभन्दा पनि सचेत गराउने कार्यले व्यवसायीमा अटेरिपन रहेको छ । शरीरलाई दीर्घकालीन रूपमा असर गर्ने यस्ता चीज विशेषगरी किराना पसलमा लुकाएर राखेको अवस्थामा प्रशस्तै भेटिन्छन् ।

तिलोत्तमा-१ शिवचोक टोल विकास संस्थाका अध्यक्ष तुलसी न्यौपानेले अन्य पालिकामा सजिलै पाइने भएकाले गुट्खा खाने, जथाभावी फाल्ने र जथाभावी थुक्ने क्रममा कमी आउन नसकेको उनले बताए। टोल विकास अध्यक्ष न्यौपानेले सफा र स्वच्छ तिलोत्तमा गुट्खाको प्रयोग तथा जथाभावी थुक्दा त्यसको औचित्यमाथि प्रश्न उठेको र यसले सबैलाई लज्जित बनाएको बताए ।

कार्यविधिको दफा ७ को उपदफा १ मा टोलस्तरीय अनुगमन समितिमा वडाध्यक्ष संयोजक रहनेगरी व्यवस्था गरेको छ । वडा नं १ का वार्ड सञ्जाल अध्यक्ष डिल्लीराम कँडेलले भव्य कार्यक्रमबीच घोषणा गरे पनि अनुगमनमा एकपटक पनि सहभागी नगराएको गुनासो गरे । नगरले घोषणा गरे पनि बिक्रीवितरण र सेवनमा कमी नआएको वडा नं १ का वडाध्यक्ष फर्सुराम गिरीको भनाइ छ । घोषणाताका अनुगमन अलि भए पनि पछिल्ला दिनमा भने अनुगमन एकदमै पातलो रूपमा भएको वडाध्यक्ष गिरी स्वीकार्छन् । गिरीले पछिल्लो समय वडा नं १ को ड्राइभर टोल बजार क्षेत्र र हाटबजार क्षेत्रमा अनुगमन गर्दा सो पदार्थ नगण्य रूपमा बिक्रीवितरण गरेको भेटिएको बताए ।

यसैगरी, वडा नं १७ का वडाध्यक्ष दानबहादुर चौधरीले विभिन्न क्षेत्रका व्यक्तिको व्यस्ततालाई बुझ्दै अनुगमन पातलो गरिएको बताए । उनी भन्छन्, ‘अनुगमन गर्ने टोलीमा बाल सञ्जालका विद्यार्थी पनि राख्नुपर्ने हुनाले भनेजस्तो छिटो अनुगमन गर्न सकिएको छैन ।’ सो क्रममा व्यवसायीलाई कारबाही नगरी सचेतमात्र गराएर छाडिएको अध्यक्ष चौधरी बताउँछन् ।

२०८० वैशाख २ गतेदेखि हालसम्म गुट्खाजन्य पदार्थको बिक्रीवितरण नियन्त्रणमा हालसम्म नगरका १३ भन्दा बढी पसललाई सचेत गराई जफत गरिएको नगर प्रहरीका इन्चार्ज नरप्रसाद श्रेष्ठले बताए । उनले हालसम्म ४१ पसललाई जरिवानासहित जफत गरिएको बताए । हालसम्म गुट्खाजन्य पदार्थ जरिवानाबाट ८६ हजार ५०० रूपैयाँ राजस्व संकलन भएको र त्यसैगरी, गुट्खाजन्य पदार्थ २०१ पोका तथा एक हजार ३५६ जफत गरिएको प्रहरी इन्चार्ज श्रेष्ठले जानकारी दिए ।

पछिल्लो समय नगरपालिकामा नगर प्रहरी थपिएसँगै गुट्खाजन्य पदार्थ बिक्रीवितरणमा नियन्त्रण गर्न निरन्तर खटिने र अझ प्रभावकारीरूपमा अनुगमन गरिने नगर प्रहरी इन्चार्ज श्रेष्ठको भनाइ छ । नगरपालिकाले गुट्खाजन्य पदार्थको बिक्रीवितरणमा रोक लगाए पनि नगरभित्र बेचबिखनमा कमी आउन नसकेको नगरप्रमुख रामकृष्ण खाँण स्वीकार्छन् ।

नगरप्रमुख खाँण भन्छन्, ‘यसलाई पूर्णरूपमा रोक्नका लागि टोल विकास समितिकै व्यक्तिलाई र विद्यार्थीलाई रसिद काट्न लगाउँछौं, यसो गर्दा यो अवस्थामा धेरै सुधार आउने छ ।’ पछिल्लो समय नगरपालिकामा १५ जना नगर प्रहरी थप गरिएसँगै २१ जना नगर प्रहरी भएको र अब भने अनुगमनमा कडाइ गर्ने नगरपालिकाले जनाएको छ । *रासस*

# वन्यजन्तु उद्धार केन्द्र निर्माण अन्तिम चरणमा

**कञ्चनपुर (प्रस)**– शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको पूर्वी क्षेत्र अर्जुनीमा बाघ-चितुवालगायतका जनावरलाई उद्धार गरी राख्नका लागि वन्यजन्तु उद्धार केन्द्र निर्माण अन्तिम चरणमा पुगेको छ ।

राष्ट्रिय प्रकृति संरक्षण कोषको एक करोड रूपैयाँ बढीको लगानीमा दुई उद्धार केन्द्र निर्माण भइरहेका छन् । केन्द्रका लागि पूर्वाधार निर्माण अन्तिम चरणमा पुगेको कोषका कञ्चनपुर कार्यालय प्रमुख लक्ष्मीराज जोशीले बताए । ‘खानेपानी, विद्युत्, सिसिटिभी जडानको कार्य हुन बाँकी छ,’ उनले भने, ‘केन्द्रको चारैतिर सडक (पहुँचमार्ग) निर्माण भइरहेको छ । घेरबार राख्ने कार्य हुन बाँकी रहेको छ ।’

केन्द्रको भौतिक पूर्वाधार निर्माणको पूरा हुनै लागे पनि अन्य कार्यका लागि दातृ निकायको खोजी गरी रहेको उनले उल्लेख गरे । ‘बाघ-चितुवालगायतका जनावरलाई निकुञ्जको मध्यवर्ती क्षेत्रबाट उद्धार गरेर ल्याएपछि खुवाउने आहाराको व्यवस्थाका लागि पनि आवश्यक बजेटको जोहो मिलाउने कार्य हुन बाँकी छ,’ कार्यालय प्रमुख जोशीले भने, ‘त्यसको प्रबन्धका लागि कार्य अगाडि बढाउनु छ ।’ शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका सूचना अधिकारी पुरुषोत्तम बाग्लेले केन्द्र निर्माणका लागि निकुञ्ज कार्यालयले प्राविधिक सहयोग र निर्माणका लागि जग्गा व्यवस्थापनसँगै अनुमति दिने कार्य गरेको बताए । ‘पूर्वाधार निर्माणको सम्पूर्णकार्य एनटिएनसीले गरेको छ’ उनले भने, ‘एक/दुई महिनाभित्रै केन्द्र पूर्णरूपमा निर्माण भइसक्छ ।’

मध्यवर्ती क्षेत्रबाट उद्धार गरी ल्याउने बाघ-चितुवालगायतका अन्य जनावरको केन्द्रमा राखेर स्वास्थ्य परीक्षणको कार्यसँगै उपचार गरेपछि सुरक्षित स्थानमा छाडिने उनले बताए । नरभक्षी भएका बाघ-चितुवालाई उद्धार गरेर ल्याएपछि आनीबानीमा सुधार नहुँदासम्म केन्द्रमा राखिने र त्यसपछि सुरक्षित स्थानमा छाडिने उनको भनाइ छ । उनका अनुसार अलपत्र अवस्थामा फेला परेका, अशक्त, घाइते र समस्याग्रस्त जीवजन्तुको उद्धार गरी केन्द्रमा राखेर पालनपोषणको कार्य गरी बासस्थानमा पुनःस्थापना गर्न सघाउ पुग्ने उनले बताए ।

आधुनिक शैलीमा जीवजन्तुलाई राख्नका लागि निर्माण भइरहेको केन्द्र सुदूरपश्चिम क्षेत्रमा पहिलो रहेको छ। भने चितुवालगायतका जनावरलाई उद्धार गरी राख्नका लागि डडेलधुरामा एनटिएनसीले खोर यसअघि नै निर्माण गरी सञ्चालनमा ल्याएको थियो । निकुञ्जमा बाघ-चितुवालगायतका जनावरको संख्यामा वृद्धि भएपछि मध्यवर्ती क्षेत्रका बासिन्दाको खेतबारीमा देखिन थालेका छन् । गत साता बेलौरी नगरपालिकामा र साउन महिनामा दोधारा चाँदनी नगरपालिका क्षेत्रबाट निकुञ्ज कार्यालयले दुईवटा बाघको सकुशल उद्धार गरी सुरक्षित स्थानमा छाडेको छ ।

प्रत्येक महिना निकुञ्जको मध्यवर्ती क्षेत्रका बस्तीमा चितुवा देखिने गरेको छ । निकुञ्ज र कोषको टोलीले उद्धार गरी सुरक्षित स्थानमा छाडने कार्य गर्दै आएका छन् । उद्धार केन्द्र नहुँदा निकुञ्जलाई उद्धार गरिएका जनावर राख्नका लागि समस्या हुदै आएको थियो । केन्द्र निर्माणको कार्यले जीवजन्तुको उद्धार गरी राख्नका लागि सहज हुने भएको छ ।

यस कार्यले उद्धार गरिएका जीवजन्तुलाई पुरानै बासस्थानमा पुनः स्थापन गराउन पनि सहयोग पुग्ने भएको छ । उद्धार गरी केन्द्रमा राखिएका स्वस्थ्य वन्यजन्तुलाई शैक्षिक प्रयोजनका लागि अध्ययन अनुसन्धान गर्न सकिने बताइएको छ ।


धनपालथान गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

सोराभाग, मोरङ्ग

कोशी प्रदेश, नेपाल

**बिधुतीय बोलपत्र आह्वानको सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८१/१२/२६ -बिधुतीय बोलपत्र)

यस धनपालथान गाउँपालिकाको अ.व.२०८१।८२ को स्वीकृत बार्षिक योजना तथा कार्यक्रम अन्तर्गत तपसीलमा उल्लेखित योजना ठेक्का प्रक्रियाबाट संचालन गर्नुपर्ने भएको हुँदा इच्छुक निर्माण व्यवसायीबाट रीतपूर्वकको E-BIDDING (बिधुतीय बोलपत्र) आह्वान गरीएको छ ।

तपसील:

| क्र.सं. | ठे.नं. | ठेक्का विवरण | ल.ई.रकम (मू.अ.कर र पी एस बाहेक) | धरौटी रकम | बोलपत्र पेश गर्ने प्रकृया | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| १. | DPTRM/SBG/NCB/ WORKS- 20/081/082 | यादव टोल देखि गोढीटोल हुँदैदलीगछ जाने बाटो कालोपत्रे गर्ने धनपालथान -७ | रू. २१,०६,०३३।२१ | रू. ७०,०००।०० | E-BIdding | ३०००।०० |

थप शर्तहरु तथा जानकारीको लागि यस गा.पा.को Website:dhanapalthanmun.gov.np वाटजानकारी लिन सकिनेछ ।

प्रमुख प्रशासकिय अधिकृत

**Melauli Municipality**

**Office of The Municipal Executive**

Melauli, Baitadi

Sudurpaschim Province, Nepal

**First Notice for Invitation of Bid and Sealed Quotations**

**Date of publication: 2081/12/26 (8th, April 2025)**

Melauli Municipality Office of The Municipal Executive Melauli, Baitadi invites Electronic Bid under National Competitive Bidding Procedure (NCB) as well as Sealed Quotations (SQ) through PPMO's e-procurement system https://www.bolpatra.gov.np/egp from eligible bidders/suppliers for the Construction, Supply and Delivery of following works and goods mentioned below.

| S.N | Description of Works/Goods | Contract ID | Estimated Amount (Excluding VAT PS & Contingencies) | Bid Security (NRS) | Last Date and Time of Bid Submission | Date Place of Bid Opening |
|---|---|---|---|---|---|---|
| 1 | Construction of Melauli Municipality Office Premises | 08/NCB/ CMP/2081/082 | NRs. 4,610,013.91 | NRs.120000 | 2082/01/25 (8th May, 2025) 12:00 Noon | 2082/01/25 (8th May, 2025) 1:00 Noon |
| 2 | Kamalpur Gangeshwor Nilpal Kotigaun Khelmaidan Nirman Ward 8 | 09/SQ/ KGN/2081/082 | NRs. 1,175,214.76 | NRs.35000 | 2082/01/09 (22th April, 2025) 12:00 Noon | 2082/01/09 (22th April, 2025) 1:00 Noon |
| 3 | Construction of Municipal Stadium Infrastructure | 10/SQ/ CMS/2081/082 | NRs. 884,955.74 | NRs.25000 | 2082/01/09 (22th April, 2025) 12:00 Noon | 2082/01/09 (22th April, 2025) 1:00 Noon |
| 4 | Supply and Delivery of Motorcycle | 11/SQ/ SDM/2081/082 | NRs. 16,73,598.80 | NRs.50000 | 2082/01/09 (22th April, 2025) 12:00 Noon | 2082/01/09 (22th April, 2025) 1:00 Noon |

**Bank Information**

| Name Of Bank | Office Account Name & Numbers | Biding Document Cost |
|---|---|---|
| **Kumari Bank Limited, Melauli Branch Melauli Baitadi** | **For Bid Document (GA.1.1 Aantarik Rajaswa Khata) 2710247109400012**<br>**For Bid Security (GA.3 Dharauti Khata) 2710247109400004** | 1. NRs.3000.00/- (Three Thousand Only) For Bid<br>2. NRs.1000.00 (One Thousand Only) for Sealed Quotations |

For More Details Contact No, 9848719246 Or May Visit PPMO e-GP System At www.bolpatra.gov.np/egp.



**युएइमा रोजगार** कम्पनी : ALSARH RECRUITMENT SOLE PROPRIETORSHIP L.L.C

पूर्व स्वीकृति मिति : २०८१/१२/२५ LT. No. 321414 चलानी नं. ६०२३५७०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker/Labour | 200 | 0 | 800 | २९,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख २ गते (15th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

D.N. International Nepal Overseas Employment Agency Pvt. Ltd.

श्रम इजाजत नं. १४४/०५६/०५७

Maharajgunj, Chakrapath, Ktm, Tel: 01-5910241/5910242/1-4016209

E-mail :info@dninepal.com,Website:www.dninepal.com



**युएइमा रोजगार** कम्पनी : TZAMEER TECHNICAL SERVICES CO. LLC

पूर्व स्वीकृति मिति : २०८१/०२/०४ पून: विज्ञापन स्वीकृति मिति : २०८१/१२/२५ LT. No. 304993 चलानी नं. ६०२१९७५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 1 | 0 | 1200 | ४४,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician | 7 | 0 | 1200 | ४४,८६५ | | | | | | | |
| 3 | Gypsum Carpenters | 5 | 0 | 1200 | ४४,८६५ | | | | | | | |
| 4 | Painter | 3 | 0 | 1200 | ४४,८६५ | | | | | | | |
| 5 | Plumber | 7 | 0 | 1200 | ४४,८६५ | | | | | | | |
| 6 | Receptionist | 0 | 1 | 1500 | ४४,८६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख २ गते (15th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ४९७/०६१/०६२

Shuvam Overseas Employment Pvt. Ltd.

Mitranagar-29, New Buspark Kathmandu, Nepal, Tel : +977-1-42160043, Mobile: 9851073220, 9851196634, 9846061401, E-mail : shuvamoves123@gmail.com, Website : www.shuvamoverseas.com



**कतारमा रोजगार** कम्पनी : Bab Ishtar Group WLL

पूर्व स्वीकृति मिति : २०८०/०९/२९ पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/२५ LT. No. 297967 चलानी नं. ६०२१२९५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant | 1 | 0 | 1000 | ३६,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electric | 6 | 0 | 1100 | ४१,१८५ | | | | | | | |
| 3 | Labour | 7 | 0 | 1000 | ३६,४४० | | | | | | | |
| 4 | Pipe Fitter | 4 | 0 | 1100 | ४१,१८५ | | | | | | | |
| 5 | Plumber | 1 | 0 | 1100 | ४१,१८५ | | | | | | | |
| 6 | Reinforce Fitter | 14 | 0 | 1100 | ४१,१८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख २ गते (15th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 1078/073/74

SKY STAR RECRUITMENT PVT LTD

Sukedhara- 4, Kathmandu, Nepal, T: 01-5902344 / 5902346

Email:- sky.starlabourdept@gmail.com, Web: www.skystarrecruitment.com

# प्रभाव दैनिक

मंगलबार, २६ चैत २०८१ (Tuesday, April 08, 2025)





### मानुषीलाई इन्डियन आइडल–१५ को उपाधि

कोलकाताकी मानसी घोष गायन रियालिटी शो इन्डियन आइडलः १५ को विजेता घोषित भएकी छन् । फाइनलमा पुग्ने उत्कृष्ट पाँच प्रतियोगीमध्ये खड्गपुरका सुभाजित चक्रवर्ती दोस्रो र मुम्बईका स्नेहा शंकर तेस्रोस्थानमा राख्दै उनी प्रथम भएकी हुन् । फाइनलमा मानसी, सुभाजित र स्नेहा शंकरबीच कडा प्रतिस्पर्धा भए पनि जनताको भोटका आधारमा मानसी विजयी घोषित भएकी हुन् । पुरस्कारस्वरूप उनले विजयी ट्रफीसहित २५ लाखको चेक र कार प्राप्त गरेकी छिन् भने दोस्रो र तेस्रो हुने क्रमशः सुभाजित र स्नेहाले ५–५ लाख रूपैयाँ पुरस्कार प्राप्त गरेका छन् ।



# कन्दराले ततायो ब्रिसबेन




■ प्रभाव संवाददाता

**ब्रिसबेन (अस्ट्रेलिया)–** लोकप्रिय नेपाली लोकपप ब्याण्ड 'कन्दरा' ब्रिसबेनमा गुञ्जिएको छ। नेपाल फेस्टिभल २०५ को वर्ल्ड टूरअन्तर्गत आइतबार राती कन्दराको कन्सर्ट भव्यरूपमा सम्पन्न भयो ।

आफ्ना प्रिय ब्याण्डलाई सुन्न दर्शक राती ९ बजेसम्म हजारौं दर्शक उपस्थित थिए । अचानक 'चञ्चले कान्छीको जोवन' गाउँदै ब्याण्डका सदस्य मञ्चमा प्रकट हुँदा उत्साह र हर्षले दर्शक उफ्रिन थालिसकेका थिए ।

साना केटाकेटीदेखि वृद्ध बाबुआमा, सम्पूर्ण परिवार सँगसँगै 'तिमी पारी', 'तगारोमा रुमाल राखी', 'लेककी हे माया', 'हङकङ पोखरा'जस्ता प्रिय गीतको धुनमा दर्शक रमाइरहेका थिए ।

कार्यक्रमको सबैभन्दा भावुक क्षण त्यतिबेला आयो जब मुख्य गायक विवेक श्रेष्ठले आफ्नी ४ वर्षीया छोरीलाई मञ्चमा बोलाए । छोरीले 'हङकङ पोखरा'को दुई हरफ लजाउँदै, डराउँदै गाउने प्रयास गर्दा, दर्शकको मन गद्गद भयो ।

गायक श्रेष्ठले सम्पूर्ण प्रवासी अभिभावकलाई सम्बोधन गर्दै भने, 'विदेशी भूमिमा हामीले आफ्ना सन्ततिलाई हस्तान्तरण गर्न सक्ने सबैभन्दा अमूल्य उपहार भनेकै भाषा हो, नेपाली भाषा । भाषा बाँच्छ भने साहित्य, कला र संस्कृति पनि बाँच्छ । त्यसैले घरमा नेपाली नै बोलौं र आफ्ना सन्तानलाई नेपाली गीतसङ्गीत, कला र संस्कृतिमा रमाउने वातावरण सिर्जना गरौं ।'

विवेकले यति बोलेपछि दर्शकदीर्घाबाट गडगडाहटपूर्ण तालीमा परिणत भयो । ब्रिसबेनको कार्यक्रमसँगै कन्दराले अस्ट्रेलियाको नेपाल फेस्टिभल यात्राको अन्तिम प्रस्तुति सम्पन्न गरेको छ । आउँदो आइतबार, अप्रिल १३ मा न्यू क्यासलस्थित नेपाली समुदायसँग नयाँ वर्ष मनाउने विशेष कार्यक्रम आयोजना हुने जानकारी दिइएको छ ।

यसपछि कन्दराको 'वर्ल्ड टूर' क्यानडा र अमेरिकातर्फ अगाडि बढ्दैछ । 'नेपाली भाषा, संस्कृति र गीतसंगीतलाई विश्वका हरेक कुनामा पुऱ्याउने कन्दराको अभियान निरन्तर रहिरहनेछ' विवेकले भने । 'पहिला घरदेश अनि परदेश' नारासहित कन्दरा यतिबेला विश्व टूरमा छ । बेलायतदेखि सुरु उसको टूर युएई, कतार, हङकङमा सम्पन्न भैसकेको छ ।

# 'नारायणगोपाल युवा संगीत पुरस्कार' शिवानी मोक्तानलाई

■ प्रभाव संवाददाता

**काठमाडौं–** 'नारायणगोपाल युवा संगीत पुरस्कार' सिवानी मोक्तानले पाएकी छन् । आइतबार नेपाल पर्यटन बोर्डमा आयोजित कार्यक्रममा प्रमुख अतिथि मदन कृष्ण श्रेष्ठले उक्त पुरस्कार मोक्तानलाई प्रदान गरेका हुन् ।

मोक्तानलाई प्रमाणपत्र र ४० हजार रूपैयाँ नगदसहित सम्मान गरिएको थियो । प्रमुख अतिथि मदन कृष्ण श्रेष्ठले स्वर सम्राट नारायण गोपाल श्रेष्ठसँग बिताएका र नारायण गोपालसँग विभिन्न कार्यक्रममा सँगै प्रस्तुति दिनु परेको बताए ।

उनले नारायणगोपालसँग बिताएका विभिन्न रमाइला पलहरूको बारेमा पुराना यादहरू विभिन्न सांगीतिक यात्रामा बिताएका रमाइला रमाइला किस्साहरू सुनाई दर्शकहरूलाई हँसाएका थिए । उनले नारायणगोपालसँग बिताएका तीता मिठा अनुभवहरू पनि बताए ।

त्यसैगरी कार्यक्रमको बारेमा राष्ट्रिय युवा कोषको बारेमा र यसले गरेका काम कर्तव्यहरूको जानकारी र कार्यक्रमको बारेमा जानकारी सदस्य सचिव डाक्टर विष्णुबहादुर भण्डारी बताएका थिए ।



कार्यक्रमको समापन अध्यक्ष शंकरबहादुर पाण्डेज्यूले सबैलाई धन्यवाद दिँदै कार्यक्रम समापन गरेका थिए । कार्यक्रममा नारायण गोपालका गीतहरू रिवाज सिंह, काजल, शाहील एड्रीयन, भीम लिम्बु र मिलन परियारले गाएका थिए ।

# गायिका वन्दनालाई आइएनसीको सम्मान

■ प्रभाव संवाददाता

**काठमाडौं–** वरिष्ठ गायिका देविका वन्दनालाई इन्टरनेसनल नेप्लिज कम्युनिटी (आईएनसी)ले सम्मान गरेको छ ।

काठमाडौंमा आयोजित क्यान्सर रोगसम्बन्धी सचेतनामूलक कार्यक्रममा उनलाई सम्मान गरिएको हो ।

कार्यक्रममा गायिका वन्दनाले क्यान्सर रोगमाथि विजय प्राप्त गरिसकेपछिको अनुभव सुनाइन् । गायिका कुन्ती मोक्तान, गायक यश कुमार, नेपाल क्यान्सर अस्पतालका डा. उत्सवमान श्रेष्ठ, आयुर्वेद चिकित्सक डा. प्रकाश ज्ञवालीलगायत सहभागी कार्यक्रममा पाटन अस्पतालका क्यान्सर विशेषज्ञ डा. अरुण शाहीले क्यान्सर रोगसम्बन्धी सचेतनामूलक प्रस्तुति दिएका थिए ।

कार्यक्रमको संयोजन संगीतकार टीका दाहाल गरेका हुन् ।

कार्यक्रममा कम्युनिटीले गायिका वन्दनाको हौसला अभिवृद्धिका लागि वन्दनाद्वारा लिखित पुस्तक 'जित्नेको हाँसो' ५० प्रति खरिद गरेको थियो ।

विश्वभर विभिन्न पेसा, व्यवसाय तथा श्रम क्षेत्रमा आबद्ध भई सामाजिक सञ्जालमा सक्रिय नेपाली तथा नेपालीभाषी युवाको समूहले स्थापना गरेको कम्युनिटी पवित्र उद्देश्यका साथ व्यक्तिगत, सामाजिक र राष्ट्रिय उन्नयनका लागि समर्पित भएर कार्य गर्दै आएको छ ।

## रंगशाला

# दशौं राष्ट्रिय खेलकुदको ११ उपसमिति गठन

■ प्रभाव संवाददाता

**काठमाडौं–** युवा तथा खेलकुद मन्त्री तेजुलाल चौधरीले दशौं राष्ट्रिय खेलकुदका लागि ११ वटा उपसमिति गठन गरेका छन् । खेलकुद मन्त्री चौधरीले राखेपका बोर्ड सदस्यहरूको संयोजकत्वमा ११ वटा उपसमिति गठन गरेका हुन् ।

विषय उप समिति अन्तर्गत समारोह उपसमितिमा रञ्जना प्रधान संयोजक रहेकी छिन् भने अर्की बोर्ड सदस्य नन्दा बस्याल सदस्य रहेकी छिन् । प्राविधिक उपसमितिको संयोजकमा भानबहादुर चन्द, स्वास्थ्य उपसमितिको संयोजकमा जगतसिंह धामी, सुरक्षा प्रबन्ध उपसमिति संयोजकमा प्रदेश प्रहरी प्रमुख, प्रदेश प्रहरी कार्यालयलाई जिम्मेवारी दिईएको छ ।



खेल सामाग्री तथा पोशाक व्यवस्थापन उपसमितिमा कमल प्रसाद भट्टराई संयोजक, स्रोत परिचालन उपसमितिमा अन्जन धमला संयोजक, प्रचार प्रसार उपसमितिमा प्रकाशकुमार कुसारी संयोजक, व्यवस्थापन उपसमितिमा सुवर्ण श्रेष्ठ संयोजक, एन्टी डोपिङ उपसमिति संयोजकमा असीम भण्डारी संयोजक, अनुसन्धान उपसमिति संयोजकमा हिमालकुमार श्रेष्ठ र पुनरावेदन उपसमिति संयोजकमा अनन्दकुमार झा संयोजक रहेका छन् ।

राष्ट्रिय खेलकुद प्रतियोगिता निर्देशिकामा कार्यसम्पादन समितिको संयोजकको रूपमा राखेप सदस्य सचिवले मन्त्रीको परामर्शमा उपसमिति गठन गर्ने प्रावधान छ । तर खेलकुद मन्त्री चौधरी आँफैले उपसमिति संयोजक र सदस्य तोकिदिएका छन् ।

**केपी ओली कप क्रिकेट**

# पोखरालाई हराउँदै काठमाडौं सेमिफाइनलमा

■ प्रभाव संवाददाता

**कास्की–** पोखरा रंगशालामा जारी दोस्रो संस्करणको 'केपी ओली कप' राष्ट्रिय पुरुष क्रिकेट प्रतियोगितामा सिइसी काठमाडौं सेमिफाइनलमा प्रवेश गरेको छ ।

मदन भण्डारी स्पोर्टस् एकेडेमीको आयोजनामा भइरहेको उक्त प्रतियोगिताको सोमबार भएको खेलमा काठमाडौंले पोखरा महानगरपालिका क्रिकेट क्लबलाई नौ विकेटले हराउँदै अन्तिम चारमा स्थान बनाउन सफल भएको हो । प्रतियोगितको समूह 'ए' मा रहेको काठमाडौंले समूहका आफ्ना तीनवटै खेलमा जित निकाल्दै समूह विजेतासमेत बनेको छ ।

घरेलु टोली पोखराले सुरुआतमा टस जितेर ब्याटिङ गर्दै १७ ओभरको दोस्रो बलमा सबै विकेट गुमाएर ५३ रन मात्र बनाउन सक्यो । यस क्रममा काठमाडौंका दीपेन्द्र रावत र युनिशविक्रमसिंह ठकुरीले तीन-तीन विकेट लिए ।

जितका लागि ५४ रनको झिनो लक्ष्य काठमाडौंले चार ओभरको दोस्रो बलमा एक विकेट गुमाउँदै पूरा गऱ्यो । काठमाडौंका कप्तान रित गौतमले आक्रामक पारी खेल्दै १५ बलमा ३६ रनको योगदान दिए ।

यसैगरी समूह 'ए' को दोस्रो खेलमा हेटौंडा स्पोर्टस् एकेडेमीले स्याङ्जा क्रिकेट क्लबलाई पाँच विकेटले हराएको छ । जितका लागि आवश्यक १७७ रनको लक्ष्य हेटौंडाले १८ ओभरको चौथो बलमा पाँच विकेट गुमाउँदै भेट्टायो । हेटौंडाको जितमा अकिलेश ठाकुरले ५२ रनको अविजित अर्धशतकीय पारी खेले । उनले २७ बलमा छ चौका र तीन छक्का प्रहार गरे । रामनरेश गिरीले २० रनको अविजित पारी खेले । यसैगरी युविन बुढाथोकीले ३० रन जोडे ।

बलिङतर्फ स्याङ्जाका सुजन गौतमले दुई तथा मिलन लुइँटेल, सन्दीप खत्री क्षेत्री र अस्विनी रानाले एक-एक विकेट लिए । टस जितेर पहिला ब्याटिङ गरेको स्याङ्जाले १९ ओभरको पाँचौं बलमा सबै विकेट गुमाएर १७६ रन बनायो । बलिङर्फ हेटौंडाका असिम श्रेष्ठले चार ओभरमा २७ रन खर्चेर सर्वाधिक पाँच विकेट लिए । अकिलेश ठाकुरले दुई तथा अलि मन्सुरी र रामनरेश गिरीले एक-एक विकेट लिए ।

मंगलबार समूह 'बी' मा रहेको ग्रेट हिमालय क्रिकेट एकेडेमी र हिमालयन क्रिकेट एकेडेमीबीच पहिलो खेल तथा सोही समूहअन्तर्गत रहेको गण्डकी हिरोज र चितवन क्रिकेट क्लबबीच दोस्रो खेल हुने आयोजक मदन भण्डारी स्पोर्टस् एकेडेमीले जनाएको छ ।

यही चैत २३ गतेदेखि सुरु भएको प्रतियोगितामा १६ टोली सहभागी छन् । विजेताले रु १० लाख र उपविजेताले रु पाँच लाख पुरस्कार प्राप्त गर्नेछन् ।

# सूर्य नेपाल एनपिजिए म्याच प्ले आजदेखि



■ प्रभाव संवाददाता

**काठमाडौं–** सूर्य नेपाल गल्फ टुर २०२४-२५ अन्तर्गत छैटौं प्रतियोगिता सूर्य नेपाल एनपिजिए म्याच प्ले मंगलबारदेखि रोयल नेपाल गल्फ क्लबमा सुरू हुँदैछ ।

सन् २०२३-२४ को अर्डर अफ मेरिटको आधारमा १६ प्रोफेसनल गल्फरले उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन्। प्रतियोगिताको कुल नगद पुरस्कार राशी २ लाख ५० हजार रहेको छ । उपाधि विजेताले नगद ६० हजार प्राप्त गर्नेछ ।

यसैगरी दोस्रो हुनेले ४२ हजार, तेस्रो हुनेले ३२ हजार र चौथो हुनेले २४ हजार हात पार्नेछन् । क्वाटरफाइनलमा पराजित हुने चार खेलाडीले ११ हजार र पहिलो चरणमा हार्ने आठ खेलाडीले ६ हजार हात पार्नेछन् । प्रतियोगिताको नियम अनुसार नेपाल नम्बर एक गल्फर भुवन नगरकोटीले १६ औं वरियताका पशुपति शर्मासँग खेल्नेछन् ।

नेपाल नम्बर २ गल्फर निरज तामाङ र १५ औं वरियताका सूर्य प्रसाद शर्माबीच पहिलो चरणको खेल हुनेछ । अर्को खेलमा तेस्रो वरियताका दिनेश प्रजापतिको सामना १४ औं वरियताका रमेश अधिकारीले गर्नेछन् । चौथो वरियताका रवि खड्का र १३ औं वरियताका टंक बहादुर कार्कीबीच खेल हुनेछ । यस्तै १२ औं वरियताका प्रदीप कुमार लामाले ५ औं वरियताका सञ्जय लामाको सामना गर्न छन् ।

यसैगरी छैटौं वरियताका जयराम श्रेष्ठ र ११ औं वरियताका तोरण विक्रम शाही, सातौं वरियताका रामे मगरले १० औं वरियताका दीपक मगर, तथा आठौं वरियताका धन बहादुर थापाले नवौं वरियताका भुवन कुमार रोक्कासँग खेल्ने तालिका रहेको छ । पहिलो चरणका विजेता क्वाटरफाइनलमा प्रवेश गर्नेछन् । पहिलो चरण, क्वाटरफाइनल, सेमिफाइनल र तेस्रो स्थानको लागि हुने प्रतिस्पर्धा १८ होलको हुनेछ । फाइनल भने ३६ होलको हुनेछ । पहिलो चरणको खेल मंगलबार नै क्वाटरफाइनल र सेमिफाइनल बुधवार, तथा फाइनल र तेस्रो स्थानको लागि विहिवार प्रतिस्पर्धा हुनेछ ।

'नेपालमा व्यावसायिक गल्फको वृद्धि र प्रवर्द्धनमा सूर्य नेपाल प्रा. लि. एक महत्वपूर्ण साझेदार रहँदै आएको छ,' प्रोफेसनल गल्फर्स एशोसिएसन नेपालका अध्यक्ष रविन्द्र मान श्रेष्ठले भने । 'विगतका वर्षहरूमा उनीहरूको निरन्तर सहयोगप्रति हामी गहिरो कृतज्ञता प्रकट गर्न चाहन्छौं । उनीहरूको प्रतिबद्धता बिना सूर्य नेपाल गल्फ टुरले आजको उचाइ हासिल गर्न सक्ने थिएन । म यस साता आयोजना हुने म्याच प्ले हेर्न विशेष उत्साहित छु । देशमा गल्फको विकासप्रति सूर्य नेपालको निरन्तर समर्पणका लागि हामी हार्दिक धन्यवाद दिन चाहन्छौं ।'



इण्डोनेसियाको पश्चिम सुमात्राको तनाह दातारमा रहेको नागरी ताबेकमा परम्परागत साँढे दौड पाकु जावीमा भाग लिँदै एक पुरुष । प्रत्येक वर्ष बाली काट्ने सिजनको अन्त्यमा हिलो धान खेतमा यो दौड आयोजना गरिन्छ । *तस्बिर: सिन्हवा*

# विवादित टापु विवादबीच जापानी एनजिओमाथि रूसको प्रतिबन्ध

**मस्को–** टोकियोसँगको उत्तेजनाबीच रुसले सोमबार दोस्रो विश्वयुद्धको समयमा मस्कोले कब्जा गरेको विवादित टापु शृंखलालाई फिर्ता गर्न आह्वान गर्ने जापानी समूहलाई गैरकानुनी घोषित गरेको बताएको छ । रुसी भाषामा कुरिल द्वीपहरू र जापानी भाषामा उत्तरी क्षेत्रहरू भनिने द्वीपसमूह जापानको उत्तरपूर्वी तटमा अवस्थित छ ।

यी चारवटा टापु युद्धको अन्तिम महिनाहरूमा सोभियत सेनाले कब्जा गरेको थियो र टोकियोले 'अवैध कब्जा' भनेर वर्णन गरेदेखि मस्कोले कब्जा गरेको छ । रुसी महान्यायाधिवक्ताको कार्यालयले सोमबार टोकियोस्थित उत्तरी क्षेत्र समस्या संघलाई 'इतिहास पुनर्लेखन गर्न चाहने र रुसको सार्वभौमिकतामा अतिक्रमण गर्ने' आरोप लगाउँदै 'अवाञ्छनीय' घोषित गरेको जनाएको छ ।

सन् २००३ मा स्थापना भएको यो संघ टापुहरूको फिर्तीका लागि जापानको मुख्य वकालत समूह हो र 'एरिका-चान' नामक पफिन मस्कट प्रयोग गरेर बच्चाहरूलाई विवादका बारेमा शिक्षण सामग्री प्रदान गर्दछ । 'अवाञ्छनीय' घोषित हुनाले रुसमा संगठनको लागि काम गर्ने वा सहकार्य गर्ने जो कोही पनि अभियोजनका लागि उत्तरदायी हुन्छ ।

रुसले अर्को समूह चिशिमा र हाबोमाई द्वीपहरूका निवासीहरूको लिगलाई पहिले नै प्रतिबन्ध लगाइसकेको थियो । पूर्व निवासीहरूद्वारा द्वीपसमूहमा वार्षिक यात्राहरू आयोजना गर्दथ्यो । यस विवादले सोभियत संघको औपचारिक उत्तराधिकारी रुसलाई जापानसँग दोस्रो विश्वयुद्धको शान्ति सन्धिमा हस्ताक्षर गर्नबाट रोकेको छ । यो उनीहरूको सम्बन्धमा एउटा प्रमुख अड्किएको बिन्दु हो । *रासस/एएफपी*

# विदेशी लगानीका लागि 'सुरक्षित र आशाजनक भूमि' रहने चीनको प्रतिज्ञा

**बेइजिङ–** अमेरिकी आयातमा ३४ प्रतिशत भन्सार शुल्क लगाएपछि चीनका एक उच्च अधिकारीले अमेरिकी कम्पनीहरूको संरक्षण गर्ने प्रतिज्ञा गरेका छन् । साथै उनले आफ्नो देश विदेशी लगानीका लागि 'आशाजनक भूमि' रहने वचन दिएको बेइजिङले सोमबार बताएको छ ।

चीनले गत हप्ता अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले 'मुक्ति दिवस' मा समानस्तरमा घोषणा गरेका भन्सार शुल्कविरुद्ध प्रतिशोध लिएको थियो । बेइजिङले चुम्बकीय प्रतिध्वनि इमेजिङमा प्रयोग हुने ग्याडोलिनियम र उपभोक्ता इलेक्ट्रोनिक्समा प्रयोग हुने यट्रियम गरी सात दुर्लभ खनिज तत्त्वमा पनि निर्यात नियन्त्रण लागू गरेको छ । उपवाणिज्यमन्त्री लिङ जीले आइतबार अमेरिकी कम्पनी प्रतिनिधिहरूको प्यानललाई भन्सार शुल्कले 'अमेरिकी कम्पनीहरूसहित उद्यमहरूको वैध अधिकार र हितहरूको दृढतापूर्वक संरक्षण गर्दछ' भनेको उनको मन्त्रालयले बताएको छ ।

'बिहीबारदेखि लागू हुने ती करहरू संयुक्त राज्य अमेरिकालाई बहुपक्षीय व्यापार प्रणालीको सही मार्गमा फिर्ता ल्याउने उद्देश्यले हो,' उनले जिई हेल्थकेयर र मेडट्रोनिकलगायत प्रतिनिधिहरूलाई भने । चीनमा व्यापक व्यापारिक चासो राख्ने ट्रम्पका निकट सल्लाहकार एवं टेक अर्बपति एलन मस्कद्वारा सञ्चालित विद्युतीय वाहन टेस्लाका प्रतिनिधि पनि उपस्थित थिए । 'भन्सार शुल्क समस्याको मूल कारण संयुक्त राज्य अमेरिकामा छ,' लिङले भने ।

उनले कम्पनीहरूलाई 'विश्वव्यापी आपूर्ति शृंखलाको स्थिरता कायम राख्न र परस्पर सहयोग र जित-जित (विन-विन) परिणामहरू प्रवर्द्धन गर्न संयुक्तरूपमा व्यावहारिक कार्यहरू गर्न' आग्रह गरे । सन् २०२४ मा अमेरिकाले चीनलाई एक खर्ब ४४ अर्ब ६० करोड डलरको सामान निर्यात गरेको थियो । यो उसले आयात गरेको चार खर्ब ३९ अर्ब ७० करोड डलरभन्दा निकै कम हो । यसको निर्यातमा प्रमुख क्षेत्रहरूमा विद्युतीय र इलेक्ट्रोनिक उपकरणहरू र विभिन्न इन्धनहरू, साथै तेल बीउ र अन्नहरू समावेश छन् । *रासस/एएफपी*

# 'दक्षिणपूर्वी एसिया अमेरिकी करविरुद्ध दृढ रहनुपर्छ'

**क्वालालम्पुर–** मलेसियाका प्रधानमन्त्री अनवर इब्राहिमले सोमबार दक्षिणपूर्वी एसियाली देशहरूलाई अमेरिकी करबाट सबैभन्दा बढी प्रभावित भएपछि 'दृढ भएर उभिन' आह्वान गरेका छन् । गत हप्ता राष्ट्रपति डोनाल्ड ट्रम्पद्वारा मित्र र शत्रुहरूविरुद्ध लगाइएको व्यापक भन्सार शुल्कले सेयरबजार र विश्वभरका सरकारहरूलाई चिन्तित बनाएको छ ।

'हामी ६४ करोड जनसंख्या र विश्वको शीर्ष आर्थिक शक्ति भएको आसियानका रूपमा दृढ भएर उभिनुपर्छ,' प्रधानमन्त्री विभागको कर्मचारी बैठकमा अनवरले भने । दक्षिण पूर्वी एसियाली आर्थिक मन्त्रीहरूले बिहीबार भन्सार महसुलबारे छलफल गर्न एक बैठक आयोजना गर्दै छन् । अनवरले भने, 'मेरो सरकारको काम आसियानमा हाम्रा साथीहरूसँग सम्पर्क गर्नु थियो ताकि प्रत्येक देशले आफ्नो स्थिति बताउन सकून्, तर एकै समयमा, हामी एक समूहको रूपमा सँगै जान्छौं ।' मलेसिया यस वर्ष १० सदस्यीय दक्षिण पूर्वी एसियाली राष्ट्रहरूको संघ (आसियान) को अध्यक्षताको पालोमा रहेको छ । विनिर्माण शक्ति भियतनाममाथि अमेरिकामा निर्यात गर्ने वस्तुहरूमा ४६ प्रतिशत भन्सार महसुल लगाइएको छ भने ठूला पश्चिमी ब्राण्डहरूका लागि कम लागतको कपडाको प्रमुख उत्पादक छिमेकी कम्बोडियामाथि ४९ प्रतिशत भन्सार शुल्क लगाइएको छ । दक्षिण पूर्व एसियाको तेस्रो ठूलो अर्थतन्त्र मलेसियामाथि २४ प्रतिशतको कम भन्सार महसुल लगाइएको छ ।

अन्य आसियान सदस्यहरू जस्तै क्वालालम्पुरले अमेरिकी सामानहरूमा ४७ प्रतिशत भन्सार महसुल लगाउँछ भन्ने वासिङ्टनको दाबीलाई खण्डन गरे पनि संयुक्त राज्य अमेरिका विरुद्ध प्रतिकारात्मक कारबाही नगर्ने बताएको छ । 'म सोच्छु कि दुई गलतले एउटा सही बनाउँदैनन्,' मलेसियाका व्यापारमन्त्री तेंकु जाफरुल अजिजले एक पत्रकार सम्मेलनमा भने, 'शान्त रहनु महत्त्वपूर्ण छ, किनभने व्यापार युद्धमा परिणत हुने कुनै पनि कुरा विश्व अर्थतन्त्रको हितमा छैन ।' *रासस/एएफपी*

# ट्रम्पको भन्सार शुल्क वृद्धिले सेयरबजार आतंकित




**टोकियो–** चिनियाँ प्रतिकार र विश्वव्यापी मन्दीको चेतावनी अझ चर्को हुँदै जाँदा पनि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो कठोर भन्सार शुल्कमा अडान लिइरहेको बेला सोमबार विश्वबजार आतंकित भएको छ । विश्वभरका देशहरूले नयाँ अमेरिकी भन्सार शुल्कको धारलाई कम गर्न संघर्ष गरिरहेका छन् तर बेइजिङले विश्वको दुई ठूला अर्थतन्त्रबीचको व्यापार युद्धलाई बढावा दिँदै भन्सार शुल्कहरूको सामना गरिरहेको संकेत दिएको छ ।

ट्रम्पले अमेरिकाका व्यापारिक साझेदार हरूसँगको घाटामा कटौती गर्ने आफ्नो मागलाई दोब्बर तुल्याउँदै त्यो समाधान नभएसम्म कुनै पनि सम्झौतामा कटौती नगर्ने बताएका छन् । 'कहिलेकाहीँ तपाईंले केही कुरा ठीक गर्न औषधि लिनुपर्छ,' ट्रम्पले आइतबार भने । उनले एयर फोर्स वनमा सवार पत्रकारहरूलाई विश्व नेताहरू 'सम्झौता गर्न लालायित भइरहेको' बताए ।

ट्रम्पले गत हप्ता संयुक्त राज्य अमेरिकामा आउने सामानहरूमा आधारभूत १० प्रतिशत आयात भन्सार शुल्क र युरोपेली संघ (इयू), जापान र ताइवानसहित धेरै देशका लागि उच्च दरहरू घोषणा गरे । अधिकांश देशले जवाफी कारबाही गर्न छाडेका छन् तर एसियाली बजारहरू बन्द भएपछि चीनले शुक्रबार अप्रिल १० देखि सबै अमेरिकी सामानमा ३४ प्रतिशत प्रतिशोधात्मक भन्सार शुल्क लगाउने घोषणा गरेको छ ।

'(यो) कठोर-बल आर्थिक युद्ध हो,' एसपिआई एसेट म्यानेजमेन्टका स्टिफन इन्नेसले भने, 'बजारले तपाईंलाई सरल भाषामा भन्दै छ: विश्वव्यापी माग हराइरहेको छ र विश्वव्यापी मन्दी आउनेवाला छ र तीव्रतामा आउँदै छ ।'

विश्वव्यापीरूपमा खर्बौं डलरको स्टक नष्ट भएको छ र लगानीकर्ताहरू सुरक्षित सम्पत्तिमा सरेकाले सोमबार एसियाली इक्विटीहरूले अझ बढी क्षति बेहोरेका छन् । जापानमा निक्केई ६.५ प्रतिशतले घटेको छ । प्रारम्भिक कारोबारमा लगभग आठ प्रतिशतले घटेको थियो । हङकङमा हचाङ सेङ लगभग १० प्रतिशत र सांघाई कम्पोजिट चार प्रतिशतभन्दा बढी घटेको छ । हङकङ र सांघाईमा जस्तै शुक्रबार बन्द भएको ताइवानको मुख्य सूचकांक करिब १० प्रतिशत र सिंगापुर ८.५ प्रतिशतले घटे ।

न्युयोर्क स्टक एक्सचेञ्जको मुख्य बोर्डहरूका लागि फ्युचर कन्ट्र्याक्टहरू आइतबार तीव्ररूपमा तल झरेको थियो । यसले सोमबार बजार खुल्दा वाल स्ट्रिट स्टकहरूका लागि थप पीडाको सुझाव दिन्छ । विश्वव्यापी मन्दीको चिन्ताका कारण सन् २०२१ अप्रिलपछि पहिलोपटक अमेरिकी तेल प्रतिब्यारेल ६० डलरभन्दा तल झरेको छ ।

## सम्झौता र गठबन्धन

वासिङ्टनको सबैभन्दा नजिकको मित्रहरूमध्ये एक हुँदाहुँदै पनि इजरायलका प्रधानमन्त्री बेञ्जामिन नेतन्याहु सोमबार गत हप्ताको घोषणापछि ट्रम्पसँग भेट्ने पहिलो नेता बन्ने भएका छन् । इजरायलमाथि १७ प्रतिशत भन्सार शुल्क लगाइएको छ ।

बेलायतका प्रधानमन्त्री किर स्टार्मरले एक समाचारपत्रको ओप-एडमा यथास्थितिलाई बढ्दो रूपमा 'सम्झौताहरू र गठबन्धनहरू' मा भर पर्ने बताउँदै 'हामीले चिनेको संसार गइसकेको छ' भनी चेतावनी दिए । ट्रम्पको क्रमिक समयसीमाले केही देशलाई वार्ता गर्ने स्थान दिएको छ । यद्यपि उनले आफू दृढ रहने बताएका छन् र उनको प्रशासनले कुनै पनि प्रतिशोधविरुद्ध चेतावनी दिइरहेको छ ।

'५० भन्दा बढी देशले वार्ता सुरु गर्न राष्ट्रपतिसँग सम्पर्क गरेका छन्,' ह्वाइट हाउस राष्ट्रिय आर्थिक परिषद्का प्रमुख केभिन हयासेटले अमेरिकी व्यापार प्रतिनिधिलाई उद्धृत गर्दै आइतबार एबिसीको दिस विकलाई भने । पहिलो त्रैमासिकमा अमेरिकालाई आफ्नो सबैभन्दा ठूलो निर्यात बजारका रूपमा गणना गर्ने उत्पादन पावरहाउस भियतनामले पहिले नै सम्पर्क गरिसकेको छ र ट्रम्पले लगाएको ४६ प्रतिशत भन्सार शुल्क कम गर्न कम्तीमा ४५ दिनको ढिलाइ अनुरोध गरेको छ ।

## खराब अभिनेताहरू

अर्थमन्त्री स्कट बेसेन्टले पनि ५० वटा देशले सम्पर्क गरेको एनबिसीको मिट द प्रेसलाई बताए । 'मलाई लाग्छ कि यो राष्ट्रपति ट्रम्पको निर्णय हो,' ट्रम्पले उनीहरूसँग वार्ता गर्छन् कि भन्ने प्रश्नमा बेसेन्टले भने, 'यस क्षणमा उनले आफ्नो लागि अधिकतम प्रभाव सिर्जना गर्नुभएको छ... मेरो विचारमा हामीले देशहरूले के प्रस्ताव गर्छन् र त्यो विश्वसनीय छ कि छैन हेर्नुपर्ने छ ।' उनले दाबी गर्दै भने, 'लामो समयदेखि खराब अभिनेताहरू रहेका छन् र यो त्यस्तो कुरा होइन जुन दिन वा हप्ताहरूमा वार्ता गरेर टार्न सकिन्छ ।'

ट्रम्पका भन्सार शुल्क गुरु पिटर नाभारोले बढ्दो चिन्ताविरुद्ध प्रतिकार गरेका छन् र लगानीकर्ताहरूलाई 'हामीले कहिल्यै देखेको सेयरबजारमा सबैभन्दा ठूलो बुम' को वाचा गर्दै 'तपाईंले बेच्नुभएन भने पैसा गुमाउन सक्नुहुन्न' भनी जोड दिएका छन् । रुसलाई पछिल्लो भन्सार शुल्कको समूहले लक्षित गरेको छैन र हयासेटले युक्रेनमा रुसको आक्रमणका बारेमा मस्कोसँगको वार्तालाई 'हिट लिस्ट'बाट उनीहरूको छुटको कारणका रूपमा उद्धृत गरे ।

सोमबार ह्वाइट हाउसका एक अधिकारीले प्रतिबन्धका कारण व्यापार नगण्य भएकाले रुसलाई बाहिरिने कारण रहेको सुझाव दिए । संयुक्त राज्य अमेरिकामा उत्पादनहरू बेच्ने विश्वभरका देशहरूले वास्तवमा अमेरिकीहरूलाई ठगिरहेका छन् भनेर ट्रम्पले लामो समयदेखि जोड दिएका छन् र उनले त्यो गलतलाई सुधार्ने माध्यमका रूपमा भन्सार शुल्कलाई हेरेका छन् ।

'कुनै दिन मानिसहरूले बुझ्ने छन् कि भन्सार शुल्क, संयुक्त राज्य अमेरिकाका लागि, एक अत्यन्त सुन्दर कुरा हो !,' ट्रम्पले आइतबार ट्रुथ सोसलमा लेखे । तर धेरै अर्थशास्त्रीले भन्सार शुल्कहरू उपभोक्ताहरूमा हस्तान्तरण गरिन्छ र उनीहरूले घरमा मूल्यवृद्धि देख्न सक्छन् भन्दै चेतावनी दिएका छन् । 'मलाई लाग्दैन कि तपाईंले अमेरिकामा उपभोक्तामा ठूलो प्रभाव देख्नुहुने छ,' हयासेटले भने । *रासस/एएफपी*

**Provincial Government**

**Ministry of Water Supply, Irrigation and Energy**

**Koshi Province, Biratnagar, Nepal**

**Invitation for E- Bids**

**Date of Publication: 2081/12/26 (08/04/2025)**

1. Ministry of Water Supply, Irrigation and Energy, Koshi Province, Biratnagar, Nepal (MoWSIE, Koshi Province) invites electronic bid from eligible bidders for the following contract Goods under National Competitive Bidding Procedures.

| S. N. | Contract No. | Description of works | Location | Estimated Amount with VAT | Bid Security Amount (NRs.) | Bid validity period | Bid Security validity period | Fee for bid document (NRs.) | Last date of bid Submission | Bid Opening date | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | MoWSIE-KP/DoIE/ Goods/081-82/NCB-15 | Supply and Installations of Transformer and other Items. | Jhapa, Morang and Udayapur Districts | NA | 1,05,000.00 | 90 days | 120 days | 3,000.00 | 2082/01/25, 12:00 hrs | 2082/01/25, 12:30 hrs | Single Stage Double envelop |
| 2. | MoWSIE-KP/DoIE/ Goods/081-82/NCB-16 | Procurement of Lab Equipments | Biratnagar, Morang | NA | 2,05,000.00 | 90 days | 120 days | 3,000.00 | 2082/01/25, 12:00 hrs | 2082/01/25, 12:30 hrs | Single Stage Double envelop |

2. Bidders may download the bidding documents and submit their bids electronically through e-procurement at www.bolpatra.gov.np/egp PPMO's portals specified in the bidding data sheet. Bidders should deposit the equivalent fee for bidding document in the respective Revenue Account Number- 1000100201010001, Rajashwa Heading No- 14229, Office Code No. 3130013011 (of MoWSIE-Koshi Province) in Rastriya Banijya Bank Ltd. or Bank Guarantee issued by a Class-A Commercial Bank in Nepal drawn in favor of the MoWSIE, Koshi Province, in the format supplied in the bid document or the form acceptable to the MoWSIE, Koshi Province. A Pre-bid Meeting shall be held at MoWSIE, Koshi Province on 14 Baishak 2082 at 11:00 hrs.
3. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp (e-GP II on or before 12:00) on 2082/01/25, Bids received after this deadline will be rejected.
4. The employer reserves the right to accept or reject wholly or partly any or all the bids without assigning reason whatsoever.

(Further detail regarding the notice of Invitation for Bids, interested bidders are requested to visit the notice board of MoWSIE, Koshi Province, Biratnagar)

**Office Chief**

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १७३८०० | प्रति तोला – ० | प्रति तोला – १८३० |



**सुन्दर धानखेती** | सल्यानको त्रिवेणी गाउँपालिका-६ स्थित सिमापाखाबाट देखिएको बार्नेखोलाको गहुँको खेतको फाँट र आसपासका भूभाग ।
*तस्बिर : कुलदीप न्यौपाने/रासस*

## सेवा र विद्युतीय व्यापार प्रवर्द्धनमा सरकार

■ प्रभाव संवाददाता

**काठमाडौं–** उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सेवा र विद्युतीय व्यापारको क्षेत्रलाई प्रवर्द्धन गर्नमा जुटेको छ । प्रविधिको विकाससँगै विद्युतीय व्यापार (ई-कमर्स) नेपालमा दिनानुदिन बढ्दै गइरहेको सन्दर्भमा सरकार विद्युतीय व्यापार नियमन तथा प्रवर्द्धनमा जुटेको हो ।

विद्युतीय व्यापारलाई नियमन तथा प्रवर्द्धन गर्न विद्युतीय व्यापार (ई-कमर्स) ऐन, २०८१ जारी भइसकेपछि कार्यान्वयनका सन्दर्भमा मन्त्रालयले आवश्यक पहल थालेको मन्त्रालयका प्रवक्ता जितेन्द्र बस्नेतले बताए ।

उनका अनुसार विश्व व्यापार संगठनको सहकार्यमा मन्त्रालयले आइतबार सेवा तथा विद्युतीय व्यापार (ई-कमर्स) सम्बन्धी तीनदिने कार्यशालासमेत सम्पन्न गरेको छ । यस्तै उहाँका अनुसार केही समयअघि मात्र ऐन पारित भएकाले कार्यान्वयनका लागि साझेदार निकायहरूसँग छलफल तथा सुझाव सङ्कलनको काम भइरहेको छ ।

कार्यशालामा विश्व व्यापार संगठनको सचिवालयबाट आएका विज्ञ स्रोतव्यक्तिले सेवा व्यापार र विद्युतीय व्यापारको सैद्धान्तिक अवधारणा, पछिल्लो विकास क्रम, विश्व व्यापार संगठनमा भइरहेको वार्ता तथा प्रगतिसमेतका विषय समेटी अभिमुखीकरण प्रदान गरेको बस्नेतले बताए ।



उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीका स्वकीय सचिव आनन्द भट्टले मन्त्रालयले पर्यटन, सूचना प्रविधि र इन्टरनेटमा आधारित सेवा, जलविद्युत्, निर्माण सेवा, दक्ष तथा अर्धदक्ष श्रम सेवालाई निर्यात सम्भावना भएका सेवाका रूपमा प्राथमिकता दिएको बताए ।

भट्टका अनुसार विद्युतीय व्यापारलाई नियमन तथा प्रवर्द्धन गर्न विद्युतीय व्यापार (ई-कमर्स) सम्बन्धी ऐनको मस्यौदा लामो समयदेखि मन्त्रालयमा अड्किएर रहेको अवस्थामा मन्त्री भण्डारीले महत्वपूर्ण कार्यसूचिमा राखेर अघि बढाइएको थियो ।

उनले पछिल्लो समय 'अनलाइन' व्यापार फस्टाउँदै गएको सन्दर्भमा व्यावसायिक शुद्धताका लागि ऐन महत्वपूर्ण हुने बताए । उनले ऐन कार्यान्वयनपछि उपभोक्ता ठगी, उपभोक्ता अधिकार संरक्षण, उपभोक्ताले गुणस्तरीय वस्तु प्राप्त गर्नाका साथै अवैध कारोबार नियन्त्रण र राजस्वमा वृद्धि हुने बताए ।

नेपालको अर्थतन्त्रमा ६० प्रतिशतभन्दा बढी योगदान रहेको सेवा क्षेत्रको विकास, विस्तार र सेवा व्यापारको प्रवर्द्धन समग्र आर्थिक एवं सामाजिक विकासका लागि महत्वपूर्ण रहेको मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार विश्वव्यापी रूपमा सेवा व्यापारको हिस्सा बढिरहेको सन्दर्भमा नेपालको वैदेशिक व्यापारमा समेत सेवा व्यापारको अंश प्रत्येक वर्ष बढ्दै गइरहेको छ ।

## अन्नपूर्ण क्षेत्रमा आठ महिनामा एक लाख ४० हजार पर्यटक

■ प्रभाव संवाददाता

**गण्डकी–** पदयात्राका लागि विश्वप्रसिद्ध अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)मा गत साउनदेखि फागनुसम्ममा एक लाख ३९ हजार ५७९ विदेशी पर्यटक भित्रिएका छन् । जुन अघिल्लो वर्षको सोही अवधिको तुलनामा ३० हजार १६९ ले बढी हो । आयोजना प्रमुख डा रविन कडरियाका अनुसार सबैभन्दा बढी गत कात्तिकमा ३३ हजार ३१० पर्यटकले उक्त क्षेत्रको भ्रमण गरेका थिए । सबैभन्दा कम माघमा जम्मा नौ हजार ३४ पर्यटक 'एक्याप' भित्रिएका थिए ।

फागुनयता पर्यटक आवागमनमा वृद्धि भएको आयोजना प्रमुख डा कडरियाले बताए । चैत-वैशाख पदयात्राका लागि उत्तम मानिने हुँदा यो याममा पर्यटकको सङ्ख्या थप बढ्ने उनले बताए । गत वर्ष चैतमा वर्षकै सबैभन्दा धेरै ३५ हजार २६५ पर्यटकले अन्नपूर्ण क्षेत्र घुमफिर गरेका थिए । वर्षात् र जाडो याममा यस क्षेत्रमा आउने पदयात्रीको सङ्ख्या न्यून हुने गरेको छ । पदयात्राका लागि असोज-कात्तिक र चैत-वैशाखलाई उत्तम समय मानिने आयोजना प्रमुख डा कडरियाले बताए ।

पछिल्लो तीन वर्षको आँकडाअनुसार बर्सेनि उक्त क्षेत्रमा पर्यटकको आवागमन बढेको देखिन्छ । आव २०७९/८० मा एक लाख ७२ हजार १०८ पर्यटक 'एक्याप' भित्रिएकामा आव २०८०/८१ मा दुई लाख २२ हजार १८० पर्यटकले उक्त क्षेत्रका भ्रमण गरेका थिए । आव सकिन चार महिना बाँकी रहेकाले चालु आवमा पनि पर्यटक सङ्ख्या गत वर्षको तुलनामा वृद्धि हुने अनुमान आयोजना कार्यालयको छ ।

'गत वर्षको तुलनामा चालु आवका हरेक महिनामा पर्यटक संख्या बढेको छ', आयोजना प्रमुख डा कडरियाले भने, 'यस क्षेत्रको पर्यटन पुरानै लयतिर फर्किएको छ, सडकमार्गबाट घुम्न र पदयात्रा गर्न आउने विदेशी पर्यटकको सङ्ख्या बढ्दो छ ।' मुक्तिनाथलगायत गन्तव्यमा जाने अधिकांश भारतीय पर्यटकले सडक मार्ग प्रयोग गरे पनि अन्य मुलुकका पर्यटकले पदयात्रा रुचाउने गरेका छन् ।

'एक्याप'ले अन्नपूर्ण चक्रीय पदमार्गमा घुमफिर गर्ने विदेशी पर्यटकको मात्र तथ्यांक राख्ने गरेको छ । सडक मार्ग भएर मुस्ताङ, मनाङलगायतका ठाउँ छिर्ने आन्तरिक पर्यटकको संख्या एकिन गर्न नसकिने आयोजना प्रमुख डा कडरियाले बताए । अन्नपूर्ण चक्रीय पदमार्ग विश्वभरका पर्यटकको रोजाइमा पर्दै आएको छ ।

अन्नपूर्ण चक्रीय पदमार्गमा अन्नपूर्ण आधार शिविर, कास्कीको मर्दी हिमाल, सिक्लेस, ल्वाङ, घान्द्रुक गाउँ, मनाङको तिलिचो ताल, थोरङ्ला भञ्ज्याङ, उपल्लो मुस्ताङ, मुक्तिनाथ क्षेत्र, म्याग्दीको घोडेपानी, पुनहिललगायत गन्तव्यस्थलमा बर्सेनि लाखौं आन्तरिक तथा बाह्य पर्यटक आउने गरेका छन् ।

## चुम्चेत लघुजलविद्युत् आयोजना मर्मत

**गोरखा (प्रस)–** उत्तरी गोरखाको चुम्चेत, चुम्लिङ, सिप्चेतलगायतका हिमाली गाउँ विद्युत् मर्मत भएपछि पुनः झलमल्ल बनेको छ । गाउँको लघुजलविद्युत् आयोजना पहिरोले बगाएपछि चुमनुब्री गाउँपालिका-६ को चुम्चेत, चुम्लिङ, सिप्चेत, खारोङ, ताज्यू, डुम्जे, रेञ्जम, घो, यार्चो र खारगुम्बा बस्तीका करिब २०५ घरधुरीका बासिन्दा गत भदौदेखि दाउराको उज्यालोका भरमा जीवन गुजार्न बाध्य थिए ।

गाउँमा बिजुली नहुँदा गाउँले अन्धकारमा बस्न बाध्य भएको स्थानीय लोप्साङ धार्के लामाले बताए । 'गत साउन १२ गतेको पहिरोले चुम्लिङ, चुम्चेत लघुजलविद्युत् आयोजना बगायो । त्यतिबेला गाउँले मिलेर जलविद्युत् मर्मत गरी अस्थायी रूपमा बिजुली बालेका थियौँ । पछि फेरि भदौमा आएको पहिरोले जलविद्युत् बगायो', उनले भने, 'भदौयता बीचबीचमा अस्थायी रूपमा बिजुली आए पनि नियमित थिएन । हाल मर्मत सम्पन्न भई नियमित रूपमा बिजुली बलेको एक हप्ता भयो ।' विद्युत् नहुँदा बत्तीमात्र होइन, दैनिक छाक टार्ने अन्न कुटानी पिसानीसमेत गर्न नपाइएको चुमनुब्री -६ चुम्चेतका वडाअध्यक्ष सरोज लामाको भनाइ छ । अहिले बिजुली बलेपछि गाउँलेलाई तोरी, मकै, गहुँलगायत खाद्यन्न कुटानीपिसानी गर्न सहज भएको छ ।

'यता खासै रुख पाइँदैनन् । गाउँमा बिजुली नहुँदा दाउरा बालेर बस्नुपर्ने बाध्यता थियो । अलिअलि भएका रुख पनि फँडानी गरिएको थियो', उनले भने ।

## सरकार र रेडबुल प्रतिनिधिबीच छलफल

■ प्रभाव संवाददाता

**काठमाडौं–** हालै सम्पन्न छैठौ विमस्टेक शिखर सम्मेलन तथा नेपालका प्रधानमन्त्रीको थाइल्याण्ड भ्रमणको क्रममा प्रतिष्ठित इनर्जी ड्रिंक ब्रान्ड रेड बुलका थाई तथा नेपाली प्रतिनिधि र सरकारी पक्षबीच महत्वपूर्ण अनौपचारिक भेटघाट भएको छ ।

थाईल्याण्डस्थीत नेपाली दुतावासले आयोजना गरेको रात्रीभोजमा नेपालका सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओली, माननीय परराष्ट्रमंत्री आरजु राणा देउवा, रेड बुलको मातृकम्पनी टिसिपी समूहका प्रमुख कार्यकारी अधिकृत सरभूत युविध्या तथा नेपालमा रेड बुलको लाइसेन्सी सरस बेभरेजेजका प्रबन्ध निर्देशक सुरेन्द्र सिलवालबीच उपलब्धीमूलक भेटघाट भएको थियो ।

उक्त भेटघाटमा सिलवाल र युविध्याले प्रधानमन्त्री ओली र परराष्ट्रमंत्री देउवालाई रेड बुल ब्रान्ड थाईल्याण्ड र नेपालबीच सहकार्यको सफल उदाहरण बनेको जानकारी गराउँदै विश्वव्यापी रूपमा अद्वितीय स्वाद र गुणस्तरको लागि परिचित रेड बुल ब्रान्ड नेपाली उपभोक्ता माझ पनि अत्यन्त लोकप्रीय रहेको जानकारी समेत गराएका थिए ।




नेपालको अमरापुरीस्थित फ्याक्ट्री रेड बुलको विश्वकै पाचौं फ्याक्ट्री रहेको र उत्पादनमा आवश्यक पर्ने आधा भन्दा बढी उर्जा सोलार प्रविधिबाट उत्पन्न गराइने हुँदा बातावरणमैत्री फ्याक्ट्री अवलम्बन गर्न सफल भएको अवगत गराउदै सिलवाल र युविध्याले हाल नेपालस्थित फ्याक्ट्रीले ४०० बढीलाई रोजगारी दिई रहेको तथा थप २ मिल्लियन अमेरिकी डलर लगानी गरि उक्त फ्याक्ट्रीलाई विस्तार गर्दै थप रोजगारी सिर्जना गर्ने योजना पनि सुनाएका थिए । यस क्रममा सरस बेभरेजेजले नेपाली बजारमा नयाँ उत्पादनहरू ल्याउन तथा छिमेकी राष्ट्रहरू भारत र बंगलादेशमा निर्यातका लागि गृहकार्य गरिरहेको जानकारी समेत गराईएको थियो । हाल नेपालमा सरस बेभरेजले रेड बुलको व्यापारबाट १ अर्ब बढी कर नेपाल सरकारलाई बुझाउँदै आएको छ ।

ठूलो लगानीका बावजुद रेड बुलले नेपालमा बौद्धिक सम्पत्ति सम्बन्धी गम्भीर समस्याको सामना गरिरहेको ध्यानाकर्षण गराएका थिए । कमजोर गुणस्तरका पहेंलो तथा रेड बुल जस्तै देखिने इनर्जी ड्रिंकहरूको बाक्लो उपस्थितिले रेड बुलको बौद्धिक सम्पत्तिमा क्षय हुनुका साथै नेपाली उपभोक्ता झुक्कीरहेकोले प्रधानमन्त्री ओली र परराष्ट्रमंत्री देउवासँग सरकारी तवरबाट त्यसको निर्मूलनका लागि सहयोगको अपेक्षा गरेका थिए ।

## मुक्तिनाथ विकास बैंकको युवा लक्षित योजना सञ्चालन

**काठमाडौं (प्रस)–** मुक्तिनाथ विकास बैंकले १५ देखि १८ वर्षका युवा पुस्ता लक्षित 'मुक्तिनाथ पकेट मनी बचत खाता' संचालनमा ल्याएको छ । यो बचत खाता विशेष गरी भर्खरै एसईई परिक्षा दिएर बसेका विद्यार्थीहरूलाई फाईदा पुग्ने जनाएको छ ।

उक्त उमेर समुहका ग्राहकहरूलाई बैंकिङ्ग क्षेत्रमा आकर्षित गर्न, डिजिटल बैंकिङ्ग प्रोत्साहन गर्न, बचतको महत्व बझाउन र विद्युतीय कारोबारमा निहित जोखिम सम्बन्धी साक्षरता प्रदान गर्न यो बचत खाताले मद्दत गर्नेछ ।

मुक्तिनाथ पकेट मनी बचत खाता मा न्यूनतम रु ५० मौज्दात राखेर खाता खोल्नु हुने प्रत्येक ग्राहकहरूलाई बैंकले अर्धमासिक तथा मासिकरूप एकपटक निशुल्क वित्तीय साक्षरता तथा विद्युतीय कारोबारको जोखिम सम्बन्धी ज्ञान प्रदान गर्नेछ । यो खाता खोल्ने ग्राहकले १८ वर्ष नपुगुनजेल सम्मको लागि निः शुल्क मोबाईल बैंकिङ्ग सुविधा प्राप्त गर्नेछन् । साथै, यो खाता खोल्दा निःशुल्क डिम्याट खाता तथा मेरो शेयर दर्ता लगायत विभिन्न बैंकिङ्ग सेवाहरूमा समेत छुट प्राप्त गर्न सकिनेछ ।




अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ